श्रम तथा रो.प्र.वि.द.नं. : २१४/२०६४/०६५

**"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं ।"**

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान: राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"

नेपाल निजामती कर्मचारी संगठन, बाँकेद्वारा प्रकाशित

# नेगो बुलेटिन

राष्ट्र सेवकहरुको आवाज

वर्ष १, | अंक १, | २०७९ असोज

**अध्यक्ष**
देवीलाल चौलागाई
**उपाध्यक्ष**
चन्द्र बहादुर बुढा
दुर्गा महत
**सचिव**
बसन्त कुमार थापा
**सहसचिव**
मेघराज चौधरी
**कोषाध्यक्ष**
तेजेन्द्र रोकाया
**सदस्य**
धर्मबहादुर भण्डारी
थिर बहादुर थापा मगर
भरत राज गोराथोकी
शिवा शाह
मेघराज बराल
भिम प्रसाद अधिकारी
शिवराज रिजाल
सदन भण्डारी
ओम प्रकाश शाही
रन्जना घर्ति
चन्द्रमणि अधिकारी
प्रतिक मल्ल
डिल बहादुर वि. क.
घुमलाल थारु
राम कुमार पाठक

**प्रकाशक**
नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्यसमिति, बाँके

## प्रकाशकीय

नेपालको निजामती क्षेत्रको पहिलो र अग्रणी संगठनको रुपमा २०४७ बैशाख ७ गते स्थापना भएको नेपाल निजामती कर्मचारी संगठन, संघर्ष र आन्दोलनकै जगमा स्थापना भएको एउटा राष्ट्रिय स्तरको ट्रेड युनियन हो। संघ, संगठन खोल्न र गतिविधि गर्न नपाइने निरङ्कुश पंचायत विरुद्ध कर्मचारीहरुलाई आन्तरिक रुपमा परिचालन गर्दै आइरहेको यस संगठनले बहुदलीय व्यवस्था स्थापनाको लागि समेत निर्णायक भूमिका खेलेको थियो। २०४६ चैत्र २६ गते राजा वीरेन्द्रले दल माथिको प्रतिबन्ध फुकुवा गरि बहुदलीय व्यवस्थाको घोषणा गरेपछि नेपालको निजामती क्षेत्रको पहिलो ट्रेड युनियनको रुपमा नेपाल निजामती कर्मचारी संगठन २०४७ बैशाख ७ गते स्थापना भएको हो।

२०४६ सालको बहुदलीय व्यवस्था स्थापनाको आन्दोलन होस् या ०६२/०६३ राजनीतिक परिवर्तन। यी सबै परिवर्तनहरुमा नेपाल निजामती कर्मचारी संगठनले खेलेको भूमिका र योगदान अत्यन्त महत्वपूर्ण, अतुलनीय र अविस्मरणीय रहेको छ। अहिले हामीले अभ्यास र उपयोग गर्दै आइरहेको ट्रेड युनियन अधिकार पनि यही आन्दोलन, संगठनले खेलेको भूमिका र योगदान कै उपज हो भन्दा अत्युक्ति हुँदैन होला। तर अहिले फेरी प्राप्त ट्रेड युनियन अधिकार माथि धावा बोल्ने काम भैरहेको छ। जुन अत्यन्तै खेदजनक छ। हिजो देखि उपभोग गर्दै आइरहेको सेवा, सुविधा र हक अधिकार कटौती गर्ने कार्यका विरुद्ध आम कर्मचारी जगत फेरी पनि एकतावद्ध भएर अघि बढ्नुपर्ने एतिहासिक जिम्मेवारी हाम्रो काँध माथि आइपुगेको छ।

यिनै आवाजहरु बुलन्द गर्ने सारथिको रुपमा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, बाँकेले **नेगो बुलेटिन** को आरम्भ गरेको छ। 'नेगो बुलेटिन' आम राष्ट्र सेवक कर्मचारीहरुको आवाज बन्नेछ, भन्ने हामीले विश्वास लिएका छौं। यसको प्रकाशनको मुख्य ध्येय पनि यहि हो। पेशागत हकहित र सेवा सुविधाको विषय मात्र नभएर समग्र निजामती क्षेत्रको सुधार, पेशागत दक्षता र व्यावसायिकताको विकास, नागरिक सरोकार, मुलुकको राजनीतिक, सामाजिक एवं आर्थिक क्षेत्रको सुधार र परिवर्तनको आवाज पनि 'नेगो बुलेटिन' ले बोल्नेछ भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं। समग्रमा यो जनताको आवाज बन्न सकोस् भन्ने हाम्रो 'परिकल्पना' हो। जनता प्रति उत्तरदायि निजामती सेवा हाम्रो 'लक्ष्य' हो। पेशागत सेवा, सुरक्षा र मर्यादा हाम्रो 'उपलब्धि' हो। हामी निरन्तर यसैमा क्रियाशील रहने छौं।

अन्त्यमा, यसलाई प्रकाशन गर्नमा सबै किसिमबाट सहयोग पुऱ्यानुहुने सम्पूर्ण सहयोगी एवम् शुभेच्छुकहरुमा हामी हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौं, साथै निरन्तरताको अपेक्षा पनि। ।। **धन्यवाद** ।।

ई-मेल : negeobanke1.@ gmail.com वेभ साइट : www.negeobanke.org.com

सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस २०७९ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेद्वारा नेपाल निजामती कर्मचारी संगठन, बर्दिया संगको सहकार्यमा आयोजना गरेको "नेपालमा ट्रेड युनियन आन्दोलनः इतिहास, उपलब्धि र आवश्यकता" विषयक वृहत् विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रममा संगठन, बाँकेका अध्यक्ष **देवीलाल चौलागाईं**ले प्रस्तुत गर्नु भएको कार्यपत्रको सम्पादित अंशः

# नेपालमा ट्रेड युनियन आन्दोलनः इतिहास, उपलब्धि र आवश्यकता

## विषय प्रवेशः

"ट्रेड युनियन भन्नाले कामदार श्रमिकहरुको पेशागत हकहितको संरक्षण र सम्बर्द्धन गर्न ऐन बमोजिम दर्ता भएको ट्रेड युनियन संघ र महासंघलाई ट्रेड युनियन भनिन्छ" भनेर ट्रेड युनियन ऐन, २०४९ मा यसको व्याख्या गरिएको छ । साधारणतया श्रमिक मजदुरहरुको संगठन नै ट्रेड युनियन हो भनेर बुझ्न सकिन्छ। जहाँ, सामुहिक हितको लागि सामुहिक सौदाबाजी मार्फत पेशाकर्मी श्रमिकहरुको पेशागत हकहित, सुरक्षा र अधिकारको संरक्षण र प्रवर्द्धनको अभ्यास गरिन्छ।

## इतिहास/विकासक्रम :

अठारौं शताब्दीमा भएको औद्योगिक क्रान्ति पछि औद्योगिक क्षेत्रमा रहेका श्रमिकहरुको अधिकारका लागि भएको आन्दोलनबाट ट्रेड युनियन अभ्यासको सुरुवात भएको देखिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्तराष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.) ले पारित गरेका विभिन्न अभिसन्धिहरुले श्रमिक पेशाकर्मीको अधिकारका साथै ट्रेड युनियनको दायरालाई विश्वव्यापी रुपमा फराकिलो बनाउँदै लगेको देखिन्छ। पेशागत रुपमा कर्मचारीहरु संगठित भएको भने सर्वप्रथम सन् १९०६ मा फ्रान्सबाट भएको इतिहास छ। त्यसपछि क्रमशः बेलायत, अमेरिका, जापान हुँदै विश्वका धेरैजसो मुलुकमा ट्रेड युनियन अभ्यास शुरु भएको देखिन्छ।

नेपालमा भने वि.सं.१९९३ मा विराटनगर जुट मिल उद्योगको स्थापना पछि वि.सं. २००३ मा त्यहाँ कार्यरत श्रमिक मजदुरहरुको हकहित र सेवा सुविधाको माग राखी आन्दोलन शुरु भएको थियो । त्यहि आन्दोलनको जग हो जसले जहाँनिया राणा शासनको अन्त्य समेत गरेको थियो । जसको अगुवाई मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाले गरेका थिए । औद्योगिक क्षेत्रका श्रमिक संगठनहरु नै नेपालको निजामती कर्मचारी ट्रेड युनियन स्थापनाका महत्वपूर्ण आधार हुन्। २००९ सालमा अखिल नेपाल न्यून वैतनिक कर्मचारी संघ गठन भै पेशागत आन्दोलनको सुरुवात भएको देखिन्छ। त्यसपछि क्रमशः नेपाल नर्सिंग संघ, चिकित्सक संघ, इन्जिनियर्स एशोसियसन, स्वास्थ्य प्राविधिक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन लगायत पेशागत संघ संगठनहरु स्थापना भए।

## नेपालको राजनीतिक परिवर्तनमा ट्रेड युनियनको भूमिका :

एकतन्त्रीय जहाँनिया राणा शासनको अन्त्य गरि प्रजातन्त्रको बाहाली गर्ने २००७ सालको परिवर्तन होस् या पंचायती व्यवस्थामा २०३६ सालको जनमत संग्रह । २०४६ सालको बहुदलीय व्यवस्था स्थापनाको आन्दोलन होस् या ०६२/०६३ राजनीतिक परिवर्तन । यी सबै परिवर्तनहरुमा नेपालका ट्रेड युनियनहरुले खेलेको भूमिका र योगदान अत्यन्त महत्वपूर्ण, अतुलनीय र अविस्मरणीय रहेकोछ । अहिले हामीले अभ्यास र उपयोग गर्दै आइरहेको ट्रेड युनियन अधिकार पनि यही आन्दोलन, हामीले खेलेको भूमिका र योगदान कै उपज हो भन्दा अत्युक्ति नहोला।

## नेपाल निजामती कर्मचारी संगठनको स्थापनाः

नेपाल निजामती कर्मचारी संगठन, आन्दोलनकै जगमा स्थापना भएको एउटा राष्ट्रिय स्तरको ट्रेड युनियन हो। संघ संगठन खोल्न र गतिविधि गर्न नपाइने निरङ्कुश पंचायत विरुद्ध कर्मचारीहरुलाई आन्तरिक रुपमा परिचालन गर्दै आइरहेको यस संगठनले निर्णायक आन्दोलनका लागि २०४६ चैत्र २१ गतेबाट आम कर्मचारीहरुलाई सडकमा उतार्ने काम गऱ्यो। कर्मचारी समेत सडकमा आउन थालेपछि तत्कालिन पंचायती सरकार घुँडा टेक्न बाध्य भयो । अन्ततः २०४६ चैत्र २६ गते राजा वीरेन्द्रले दल माथिको प्रतिबन्ध फुकुवा गरि बहुदलीय व्यवस्थाको घोषणा गर्न पुगे। बहुदलीय व्यवस्थाको स्थापना पश्चात नेपालको निजामती क्षेत्रको पहिलो ट्रेड युनियनको रुपमा नेपाल निजामती कर्मचारी संगठन २०४७ बैशाख ७ गते स्थापना भएको हो।

## नेपालमा पेशागत आन्दोलनः

संगठनको स्थापना लगत्तै २०४८ सालको निर्वाचन पछि गठन भएको तत्कालिन सरकार सामु नेपाल निजामती कर्मचारी संगठनले विभिन्न पेशागत मागहरु प्रस्तुत गऱ्यो। सरकारले ती मागहरु माथि सुनुवाई नगरेपछि संगठनले देशव्यापी आन्दोलनको घोषणा गऱ्यो। अन्ततः२०४८ असार १५ गते देखि भाद्र ८ गते सम्म देशव्यापी आन्दोलन चर्कियो। आन्दोलनका क्रममा देशभरबाट ५ सय भन्दा बढी कर्मचारी बर्खास्तगीमा परे भने हजारौं कर्मचारीले कारवाही भोग्नु पऱ्यो । खोटाङ्ग जिल्लामा मनोज जोशीको हत्या हुन पुग्यो । नेपालको पेशागत क्षेत्रमा **५६ दिने आन्दोलन**को रुपमा चर्चित यो घटनाले नेपालको पेशागत आन्दोलनलाई थप उचाइमा पुऱ्याउने काम गऱ्यो। तर, नेपाली कांग्रेसबाट प्रधानमन्त्री बन्न पुगेका गिरिजा प्रसाद कोइराला नेतृत्वको तत्कालिन सरकारले कर्मचारीहरु बीच फुट ल्याउने र पूर्वाग्रह साँध्ने काम गऱ्यो।

आन्दोलनलाइ तुहाउने तत्कालिन सरकारको रणनीति र उक्साहट एवं पेशागत आन्दोलन र हकहित भन्दा पनि राजनीतिक शक्ति र भक्तिमा रमाउने केहि कर्मचारी समुह संगठनबाट अलग भइ २०४७ फागुन १२ गते नेपाल निजामती कर्मचारी संघ नामक बेग्लै संगठन स्थापना गरियो । त्यसलाई मलजल गर्ने काम तत्कालिन नेपाली काँग्रेस पार्टीले गऱ्यो । जसले ट्रेड युनियनमा राजनीतिक रंग दिने काम गऱ्यो ।

### ट्रेड युनियन अधिकारको आन्दोलन र उपलब्धि:

प्रजातन्त्रको पुनर्वाहाली पश्चात धेरथोर ट्रेड युनियन अभ्यास गर्दै आइरहेका निजामती क्षेत्रका ट्रेड युनियनहरुको गतिविधि माथि फेरी राजा ज्ञानेन्द्रको शाही शासनकालमा बन्देज लगाउने काम भयो ।  तत्कालिन निरङ्कुश राजतन्त्र विरुद्ध आन्दोलनरत सात राजनीतिक दलहरु संग ट्रेड युनियन अधिकारको सुनिश्चितता सहितको शर्तमा आन्दोलनमा होमिने निर्णय नेपाल निजामती कर्मचारी संगठन सहित पेशागत क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरुले गरे । लोकतन्त्रको बहाली पश्चात पेशाकर्मीहरुको ट्रेड युनियन अधिकार सुनिश्चितता गर्ने सात राजनीतिका दलको संयुक्त प्रतिबद्धता र सहमति २०६२ चैत्र १८ मा भएपछी सिंहदरबार सहित देशभरका कर्मचारीहरु  प्रदर्शनमा उत्रिए। सार्वजनिक सेवा प्रवाह ठप्प हुन पुग्यो। अन्ततः २०६३ बैशाख ११ गते निरङ्कुश राजतन्त्रले घुँडा टेक्न पुग्यो र २०६३ बैशाख १५ गते प्रतिनिधि सभा पुर्नस्थापना भयो ।

ट्रेड युनियन अधिकारको सुनिश्चितताको लागि सात राजनीतिक दल सँगको सहमति अनुरुप पुर्नस्थापित प्रतिनिधि सभाबाट २०६३ बैशाख २८ गते निजामती कर्मचारीलाई कार्यालय प्रमुख बाहेक उपसचिवस्तरसम्म ट्रेड युनियन अधिकार प्रदान गर्ने प्रस्ताव पारित भयो। यो नेपालको ट्रेड युनियन अधिकार आन्दोलनको क्षेत्रमा सबैभन्दा ठुलो उपलब्धि थियो। संसदबाट पारित उक्त प्रस्तावमा विद्यमान ट्रेड युनियन ऐन र श्रम ऐनमा सो सम्बन्धि कानूनी व्यवस्था तत्काल गर्ने सरकारलाई निर्देशन समेत दिईएको थियो।

### कार्यान्वयनमा कमजोरी:

सात राजनीतिक दल सँगको सहमति र सम्झौता बमोजिम संसदबाट पारित प्रस्ताव बमोजिम ट्रेड युनियन अधिकारलाई संस्थागत गर्न श्रम ऐन, ट्रेड युनियन ऐन र निजामती सेवा ऐनमा सुधार गर्नुपर्ने थियो। जब २०६४ मा निजामती सेवा ऐन र नियमावलीमा संशोधन भयो, त्यसमा कार्यालय प्रमुख बाहेक शाखा अधिकृतस्तरसम्मका कर्मचारीले मात्र ट्रेड युनियन अधिकार प्राप्त गर्ने  विषय राखियो। प्राप्त अधिकारलाई संस्थागत गर्न नसक्नु तत्कालिन समयमा यो एउटा गम्भिर कमजोरी थियो।

अहिले आएर त्यहि पनि कटौतीमा परेको विषयले हामी सबैलाई अत्यन्तै गम्भीर र चिन्तित बनाएको छ।  ट्रेड युनियन अधिकारकर्मी र यसको नेतृत्व माथि गम्भीर सवाल तेर्सिएको छ। प्राप्त अधिकार कटौतीमा पर्दै जानु निश्चय पनि सुखद विषय होइन। एकपटक ट्रेड युनियन आन्दोलनलाइ थप उचाईंमा पुऱ्याउनु पर्ने दायित्व हामी माथि आइपुगेको छ।

### निजामती क्षेत्रमा पहिलोपटक आधिकारिक ट्रेड युनियनको निर्वाचन:

ट्रेड युनियनलाई व्यवस्थित गर्न र सामुहिक सौदाबाजीलाई वैधानिकता दिन सरकारले पहिलोपटक नेपालमा २०७३ जेष्ठ १९ गते निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन गऱ्यो। ७५ जिल्ला र ४२ मन्त्रालय / विभागस्तर गरि १ सय १७ कार्यसमिति निर्वाचनमा राष्ट्रिय स्तरका विभिन्न ट्रेड युनियनहरु बीच प्रतिस्पर्धा भएकोमा नेपाल निजामती कर्मचारी संगठनले देशभरका १ सय १७ कार्यसमिति मध्ये दुइ तिहाइ भन्दा बढी ८० स्थानमा विजयी हासिल गरि नेपालको निजामती क्षेत्रमा आफ्नो बलियो सांगठनिक उपस्थितिलाई  प्रमाणित गरेको थियो । अहिले पनि आधिकारिक ट्रेड युनियनको नेतृत्व नेपाल निजामती कर्मचारी संगठनले गरिरहेको छ।

तर जुन ढंगले आधिकारिक ट्रेड युनियनले सामुहिक सौदाबाजीको सवाललाई अगाडी बढाउनु पर्ने थियो त्यस ढंगले अघि बढाउन नसक्दा फेरी पनि राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले आ-आफ्नै ढंगले सामुहिक सौदाबाजीको सवाललाई उठाउनु पर्ने स्थिति आइपुग्यो। यसले गर्दा  आधिकारिक ट्रेड युनियनको औचित्य र यसको भूमिका माथि नै प्रश्न खडा हुन पुगेको छ। यो अत्यन्त दुखद र विडम्बनापूर्ण अवस्था रहेको छ । आधिकारिक ट्रेड युनियनलाई यसको उद्देश्य अनुरुप कसरी अगाडी बढाउन सकिन्छ भन्ने विषयमा राष्ट्रिय स्तरका सबै ट्रेड युनियन नेतृत्व यसमा गम्भीर हुनै पर्दछ। अहिले आधिकारिक ट्रेड युनियन छ कि छैन ? भन्ने जस्तो स्थिति बनेको छ। यसको अन्त्य हुन जरुरी छ। म्याद सकिसकेको आधिकारिक ट्रेड युनियनको निर्वाचन यथाशीघ्र घोषणा गरि यसलाई जीवनदान दिन र क्रियाशील बनाउन सरकारले अब ढिलाई गर्नु हुँदैन।

आधिकारिक ट्रेड युनियनको निर्वाचन सहित निजामती क्षेत्रमा रहेका सबै किसिमका अन्यौलता, आशंका र संसय मेटाउन सरकारले निजामती क्षेत्रका राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले पेश गरेका सुझाव र माग समेटी तत्काल संघीय निजामती सेवा ऐन जारी गर्नु पर्दछ।

### ट्रेड युनियन आन्दोलनको आवश्यकता:

मुलुक संघीयतामा प्रवेश गरेको करिब आधा दशक वितिसक्दा पनि मुलुकी प्रशासनको मेरुदण्ड संघीय निजामती सेवा ऐन हाल सम्म पनि जारी हुन सकेको छैन। ट्रेड युनियन अधिकार लगायत निजामती सेवाका थुप्रै विषयहरुमा अहिले व्यापक अन्यौलता र अनिश्चितता छाएको छ। मूल ऐन विना गरिएको कर्मचारी समायोजनले समेत समस्या निम्त्याएको छ। अहिले पेशागत सेवा, शर्त र सुविधाको सवाल सर्वाधिक पेचिलो बनेको छ। जतातत्तै अन्यौलता र अनिश्चितता छाएको छ। यसको मूल जड भनेको नै संघीय निजामती सेवा ऐन जारी हुन नसक्नु नै हो। एकातिर ऐनको अभावमा सेवा, शर्त र सुविधाको विषयमा अनिश्चितता र अन्यौलता रहेको छ भने अर्कोतिर प्रस्तावित संघीय निजामती सेवा ऐन अत्यन्त पश्चगामी र कर्मचारी हित प्रतिकुल रहेको छ । जसलाई स्वीकार गर्न सकिने अवस्था छैन । निजामती सेवा ऐन, २०४९ भन्दा पनि पछाडी फर्केर कर्मचारीहरुले खाइपाईआएको सेवा, सुविधा र अधिकार खोस्ने गरि संघीय निजामती सेवा ऐन संसदमा पेश गरिएको छ । राष्ट्रिय स्तरका ट्रेड युनियनहरुबाट थुप्रै सुझाव र मागहरु सरकार समक्ष पेश गरिएको छ। सम्बोधन हुने नहुने विषय फेरी पनि

अन्यौलता मै रहेको छ । यसले पनि ट्रेड युनियन आन्दोलनको औचित्यलाई थप पुष्टि गरेको छ । ट्रेड युनियन आन्दोलन निर्विकल्प बनेको छ । पेशागत हकहित, मर्यादा र सेवा सुरक्षाको लागि  सामुहिक सौदाबाजी गर्ने र पेशाकर्मीका हरेक समस्यामा साथ, सहयोग र पैरवी गर्ने एउटा साझा संस्थाको रुपमा ट्रेड युनियनको आवश्यकता र यसको अपरिहार्यता छ भन्ने कुरामा अब सायद कसैको दुइमत हुन सक्दैन । तर यति महत्वपूर्ण भएर पनि निजामती क्षेत्रमा ट्रेड युनियन प्रतिको बुझाइ सकारात्मक नहुनु भने अत्यन्त दुखद पक्ष रहेको छ। ट्रेड युनियन भित्र रहेका कमीकमजोरी र  विकृति एवं  विसंगतिको अन्त्य गर्दै ट्रेड युनियन आन्दोलनलाई आम पेशाकर्मीको हकहित, सेवा सुविधा र  सुरक्षा सँग जोड्न जरुरी छ।

निजामती कर्मचारीहरुको सेवा, शर्त, सुरक्षा र अधिकार सँग प्रत्यक्ष जोडिएको संघीय निजामती सेवा ऐन अहिलेसम्म पनि जारी हुन नसक्नु दुर्भाग्य एवं विडम्बनापूर्ण अवस्थामा ट्रेड युनियन आन्दोलनको विकल्प छैन । वर्तमान समयमा ट्रेड युनियन आन्दोलनको आवश्यकता झनै बढेर गएको छ । एकातिर, कर्मचारीहरुको सेवा, शर्त, सुविधा र अधिकारको सुनिश्चितता गर्ने संघीय निजामती ऐन जारी हुन नसकेको स्थिति छ भने अर्कोतिर प्रस्तावित संघीय निजामती सेवा ऐन नै आम कर्मचारीको हित प्रतिकुल रहेको छ। अबको ट्रेड युनियन आन्दोलनको अर्जुन दृष्टि भनेको संघीय निजामती सेवा विधेयक आम कर्मचारीको  हित अनुकुल बनाउनु नै हो। त्यसको लागि के के गर्नु पर्दछ ? र कसरी अघि बढाउनु पर्दछ ? भन्नेमा ट्रेड युनियन नेतृत्व तत्काले टुंगोमा पुग्नु जरुरी छ।

कम्तिमा निजामती सेवा ऐन, २०४९ मा गरिएका कर्मचारीका हकहित र सेवा सुविधा सम्बन्धि व्यवस्थाहरुको पुर्नस्थापना गरिनु पर्ने वा ती व्यवस्थाहरु समावेश गरिनुपर्ने, समायोजन गरिएका कर्मचारीहरुको सेवा, शर्त र सुविधाको शुनिस्चितता गरिनु पर्ने, स्थानीय र प्रदेशमा समायोजन भएका कर्मचारीहरुको सरुवा र बढुवाको शुनिस्चितता गरिनु पर्ने, तीनै तहमा ट्रेड युनियन अधिकारको शुनिस्चितता, संघीय निजामती सेवा ऐन संगै प्रदेश र स्थानीय निजामती सेवा ऐन जारी गर्ने र ती ऐन कानुनहरु कर्मचारी हित अनुकुल बनाउन पहल, पैरवी र परि आएको खण्डमा सशक्त प्रतिरोध र आन्दोलनको तयारी समेत अहिलेको ट्रेड युनियन आन्दोलनको मुख्य आवश्यकता र कार्यभार रहेको छ।

**निष्कर्ष:**

ट्रेड युनियन अधिकार पेशाकर्मीहरुको पहिलो अधिकार  हो। ट्रेड युनियन अधिकार भनेको अवाजको अधिकार हो। जब मुख बन्द हुन्छ, सबैथोक बन्द हुन्छ। यो दासता तर्फको यात्रा हो। ट्रेड युनियन रहेको खण्डमा मात्र हामीले हाम्रो माग, सुरक्षा, हकहित र सेवा सुविधाको कुरा गर्न सक्छौं। आवाज उठाउन सक्छौं। आफ्नो हकहित र अधिकार संरक्षणका लागि एक्लो श्रमिक वा पेशाकर्मिले केहि पनि गर्न सक्दैन। हामी पेशाकर्मीहरुले आफ्नो पेशागत तथा वर्गीय समस्याहरुको समाधान सामुहिक एवं संगठित प्रयासबाट मात्र एक आपसमा मिलेर गर्न सक्दछौं। ट्रेड युनियनको उद्देश्य भनेकै पेशागत हकहित र सुरक्षाको लागि सामुहिक आवाज भएको हुनाले यसलाई कुनै पनि पेशाकर्मी र श्रमिकको पहिलो आवश्यकता भनेर मान्न सकिन्छ। निजामती क्षेत्रमा हालसम्म प्राप्त सबै सेवा, सुविधा, सुरक्षा र अधिकार ट्रेड युनियनकै उपलब्धि हो। उपलब्धिकै व्याख्या गर्ने हो भने फेरी विषयान्तर हुन सक्छ र लामो पनि। हामीले अनुभुत गरेकै विषयवस्तु पनि हो, यो। हामीलाई नपुगेको कुरा भने साँचो हो। हाम्रा मागहरु धेरै छन्। यो सपना देखाउने पनि ट्रेड युनियन नै हो। माग पुरा गर्न नसकेको दोष पनि ट्रेड युनियन नेतृत्वले लिन्छ र लिनुपर्छ पनि।

ट्रेड युनियनकै औचित्यका बारेमा पनि अहिले गम्भीर प्रकारका सवालहरु विभिन्न कोणहरुबाट उठिरहेका छन्। तर ती दृष्टिकोण आम कर्मचारीको भावना विपरित छन्। यथार्थपरक छैनन्। पुर्वाग्र प्रेरित छन्। कुनै ट्रेड युनियनकर्मीको कमजोरी वा ट्रेड युनियन व्यवस्थापनको कमजोरीलाइ सिंगो ट्रेड युनियनको कमजोरीको रुपमा व्याख्या र विश्लेषणलाई सहि र परिपक्व मान्न सकिदैन। हो, ट्रेड युनियन अभ्यासमा सुधार गर्नुपर्ने वा यसमा रहेका विकृति वा विसंगतिहरुलाई हटाउनु पर्ने, न्युनीकरण गर्नुपर्ने र सुद्धिकरण गर्नुपर्ने विषयमा भने विमत राख्नुपर्ने कुनै जरुरि छैन। सच्चिनु पर्ने, सुध्रिनु पर्ने र श्रेष्ठता हासिल गर्नुपर्ने कुरालाई नेपालको समग्र निजामती क्षेत्र र ट्रेड युनियन आन्दोलनले पनि आत्मसात गर्नु पर्दछ। अधिकारको सिमा र अन्त्य कहिल्यै नहुने भएको हुनाले ट्रेड युनियन आन्दोलनको अन्त्य पनि कहिल्यै हुन सक्दैन। यसलाई उन्नत र विकसित गर्दै लैजानु पर्दछ।

**।। धन्यवाद ।।**


समयमै जन्म दर्ता गरी कानुनी पहिचान सुनिश्चित गरौं ।




खजुरा गाउँपालिका

खजुरा, बाँके

विजयादशमी तथा शुभ दिपावली हार्दिक मंगलमय शुभकामना ।

कृपया सेवा गर्ने अवसर दिनुहोला ।

MR. JANESH BHANDARI (M.D.)
9851233200

OLIVE
Eco Village Hotel
Kolti, Bajura

Our Services
• Air Tiketing, Heli Chater
• Rafting in Karnali
• Trakking, Free Wifi
• Educational Visit
• Hotel Booking
• Seminar Hall
• Children Park
• Organic Local Delicious Food
• Eco Friendly Environment.

Mob. 097-501109, 9864623247
Email: janesholive@gmail.com, rarakailash2018@gmail.com
Facebook: Olive Eco Village Hotel Bajura
Website: www.rarakailash.com

### निजामती सेवा दिवस-२०७९ को अवसरमा

# “निजामती सेवामा सुधार, समिक्षा र संकल्पको आवश्यकता” विषयक

## छलफल एवं अन्तरक्रिया कार्यक्रम र उत्कृष्ट कर्मचारी पुरस्कृत

निजामती सेवा दिवस, २०७९ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन-बाँकेले २०७९ भाद्र २२ गते “निजामती सेवामा सुधार, समिक्षा र संकल्पको आवश्यकयता” विषयक छलफल एवं अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नुको साथै जिल्लामा उत्कृष्ट कार्य गर्ने दुइ जना कर्मचारीलाई पुरस्कृत गरेको थियो।




बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रमका सहभागी वक्ताहरुले निजामती सेवा प्रति जनताको आशा र भरोशा बढ्नुको साटो घट्दै जानु दुखद अवस्था रहेकोले अब सबै मिलेर निजामती सेवामा सुधार गर्नुपर्ने, समिक्षा गर्नुपर्ने र संकल्प गर्नुपर्ने बेला आएको भन्दै कार्यक्रम अत्यन्तै महत्वपूर्ण र समसामयिक भएको धारणा राख्नु भएको थियो।

कार्यक्रममा आफ्ना धारणा राख्दै प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले निजामती सेवा दिवसको अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले अत्यन्त महत्व एवं अर्थपूर्ण कार्यक्रम राखेकोमा संगठनको उत्कृष्ट कार्यको प्रशंसा गर्दै निजामती सेवा प्रति जनताको विश्वास र सम्मान बढाउन अत्यन्त जरुरी रहेको र त्यसको लागि यो कार्यक्रम अत्यन्त उपयोगी र मार्गनिर्देश गर्ने खालको रहेको बताउनु भएको थियो। कर्मचारीका संघ संगठनहरु पेशागत हकहितमा मात्र नअल्मलिई निजामती सेवाको सुधारमा लाग्नुपर्ने आवश्यकतामा वहाँले जोड दिनुभएको थियो।

निजामती सेवा दिवस, २०७९ को अवसरमा संगठन, बाँकेले जिल्लामा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत समेत गरेको थियो। त्यसरी पुरस्कृत हुनेहरुमा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा कार्यरत मेघराज चौधरी र खजुरा गाउँपालिकामा कार्यरत सुशिला न्यौपाने हुनुहुन्थ्यो।


## डेंगीबाट बचौं र बचाऔं




आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाऔं।

पढ्ने उमेरका बालबालिकालाई काममा होइन, विद्यालय पढ्न पठाऔं।

पशु चौपायाहरु जथाभावी खुला नछाडौं।

नेपालगंज उप-महानगरपालिका

**१९ नं. वडा कार्यालय**

बसुदेवपुर, बाँके



## नेपालमा ट्रेड युनियन आन्दोलन : इतिहास, उपलब्धि र आवश्यकता विषयक

# “बृहत विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम”



सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस, २०७९ को अवसरमा साउन १४ गते शनिबारको दिन नेपाल निजामती कर्मचारी संगठन, बाँकेले नेपाल निजामती कर्मचारी संगठन, बर्दिया सँगको सहाकर्यमा संयुक्तरुपमा नेपालगन्जमा “नेपालमा ट्रेड युनियन आन्दोलनः इतिहास, उपलब्धि र आवश्यकता” विषयक **वृहत् विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम** सम्पन्न गरेको छ।

दुइवटा जिल्लाका कर्मचारी सम्मिलित उक्त वृहत् विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रममा  नेपालको सार्वजनिक प्रशासन, विकास, सुशासन, पेशागत हकहितका साथै विभिन्न राष्ट्रिय सवालमा विगत लामो समय देखि कलम चलाउँदै आउनु भएका संगठन, बाँकेका अध्यक्ष देवीलाल चौलागाईंले “नेपालमा ट्रेड युनियन आन्दोलनः इतिहास, उपलब्धि र आवश्यकता” विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। चौलागाईले प्रस्तुत गर्नु भएको कार्यपत्र उपर अतिथि वक्ता एवं सहभागीहरुले आफ्नो धारणा एवं टिप्पणी राख्नु भएको थियो।

प्रस्तुत कार्यपत्रले  आम कर्मचारीहरुमा संगठन, एकता र ट्रेड युनियन आन्दोलन प्रति प्रतिवद्ध बनाउने, ट्रेड युनियन अन्दोलनको आवश्यकता, अपरिहार्यता र महत्व बुझाउने, संगठन र संगठन सदस्यहरुलाई आन्दोलन प्रति जुझारु, सशक्त र सकारात्मक बनाउने कार्य गरेको थियो भने अतिथि वक्ताहरुको टिप्पणीले त्यसलाई थप जीवन्तता दिने काम गरेको थियो। यस प्रकारको नविन एवं सृजनात्मक कार्यको लागि  सबै सहभागी एवं अतिथिहरुले प्रशंसा गर्नु भएको थियो। वैचारिक एवं प्रशिक्षण मुलक उक्त वृहत् विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रमले संगठनमा एउटा नयाँ उर्जा र उत्साह थप्ने काम गरेको सहभागीहरुले धारणा राखेका थिए।

विषयवस्तुका हिसाबमा कार्यक्रम जति गहन, महत्वपूर्ण र समसामयिक रहेको थियो त्यसरी नै संगठन बाँके र बर्दियाको संयुक्त आयोजनामा भएको यो वृहत् कार्यक्रमले संगठन भित्र सहकार्य, सहअस्तित्व र साझा भावनाको विकास गराउन उत्तिकै मद्दत गरेको मात्र नभई संगठन भित्र एउटा नविन प्रयोग र उदाहरण समेत प्रस्तुत गरेको छ। यो संस्कारको थालनी बाँके र बर्दियाबाट शुरु भएको छ। जुन अरुका निम्ति पनि अनुकरणीय हुन सक्छ।


**खोरेत विरुद्ध प्रयोग गरिने भ्याक्सिनहरू र भ्याक्सिन तालिका**

क) पानीयुक्त खोरेट भ्याक्सिन प्रयोग गर्ने तरिका
Raksha FMD VaccineM Virus Strains O, A, C and Asia-1 (Saponin added as an adjuvant)

| जनावर | पहिलोपटक | दोश्रो पटक | पुनः खोप |
|---|---|---|---|
| बाच्छाबाच्छी/ पाडापाडी | ४ महिनाको उमेरमा | २-४ हप्ता पछि | प्रत्यक ६/६ महिनामा |
| वयस्क | जुनसुकै उमेरमा | २-४ हप्ता पछि | प्रत्यक ६/६ महिनामा |
| भेडा/बाख्रा | ४ महिनाको उमेरमा | २-४ हप्ता पछि | प्रत्यक ६/६ महिनामा |

ख) तेल युक्त खोरेत
RakshaOvacM Raksha FMD Oil Adjuvant. Vaccin (Virus Strains O,A,C and Asia1)

| जनावर | पहिलोपटक | दोश्रो पटक | पुनः खोप |
|---|---|---|---|
| बाच्छाबाच्छी/ पाडापाडी | ४ महिनाको उमेरमा | ९ महिनापछि | १ वर्षको अन्तरमा |
| वयस्क | जुनसुकै उमेरमा | ९ महिनापछि | १ वर्षको अन्तरमा |
| भेडा/बाख्रा | ४ महिनाको उमेरमा | ९ महिनापछि | १ वर्षको अन्तरमा |
| बंगुर | २ महिनाको उमेरमा | - | प्रत्येक ६/६ महिनामा |

**पुनश्च:** भ्याक्सिन उत्पादक कम्पनीको भ्याक्सिनको किसिम, जनावर अनुसारको मात्रा र लगाउने तरिका आदि फरक हुन  सक्दछ। खोरेत रोगको प्रकोप देखिरहने क्षेत्रका पशुहरुमा वर्षको २ पटक खोप लगाउनु पर्दछ।

**भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
नेपालगंज, बाँके



**समयमै व्यक्तिगत घटना दर्ता गरौं, सभ्य नागरिकको परिचय दिउँ ।**




जन्म, मृत्यु, विवाह, सम्बंध बिच्छेद, र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तब्य निभाऔं ।

**बैजनाथ गाउँपालिका**
बाँके



A PLUS
Computer Suppliers
Surkhet Road, Nepalgunj
081-415228,9848237828, 9858030940
apcomputer41@gmail.com
K7 acer EPSON DELL EDIMAX



Laptop, Desktop, Printers, Networking,CCTV Camera, Fire Extinguishers, Fire Alram, Smoke Detector,Fire Blanket. Service & Maintenance.



लैङ्गीक हिंसाको विरोध गरौं, ज्येष्ठ नगरिक, एकल महिला, दलित बालबालिका, लोपोन्मुख जनजाती एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि वितरण गरिने भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं।

नेपालगंज उप-महानगरपालिका
**१८ नं. वडा कार्यालय**
नेपालगंज, बाँके

# क्यालेण्डर सार्वजनिकीकरण कार्यक्रम एवम् शुभकामना आदान-प्रदान



नयाँ वर्ष, २०७९ एवं नेपाल निजामती कर्मचारी संगठन स्थापना दिवसको गौरवमय दिन, बैशाख ७ गते नेपाल निजामती कर्मचारी संगठन, बाँकेले संगठन स्थापना दिवस विशेष कार्यक्रम सहित संगठन, बाँकेद्वारा प्रकाशित नयाँ वर्ष २०७९ को वार्षिक क्यालेण्डर प्रकाशन गरि सार्वजनिकीकरण गरिएको थियो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाँकेका अध्यक्ष किस्मत कुमार कक्षपतिको प्रमुख आतिथ्यतामा सुनाखरी रेष्टुरेन्ट नेपालगन्जमा सम्पन्न भएको उक्त संगठन स्थापना दिवस एवं नयाँ वर्ष २०७९ को अवसरमा आयोजित शुभकामना आदान-प्रदान एवं भित्तेपात्रो सार्वजनिकीकरण कार्यक्रममा बाँके जिल्लामा कार्यरत कर्मचारीहरुको उल्लेख्य सहभागिता रहेको थियो। संगठन बाँकेद्वारा प्रकाशित उक्त क्यालेन्डर सम्पूर्ण कर्मचारीहरु एवं बाँके जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा नि:शुल्क रुपमा वितरण गरिएको थियो।

# संगठन स्थापना दिवसमा रक्तदान कार्यक्रम



निजामती क्षेत्रको पहिलो राष्ट्रियस्तरको ट्रेड युनियन, नेपाल निजामती कर्मचारी संगठन स्थापना दिवसको अवसरमा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति बाँकेले एक वृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। मानवीय सेवा एवं सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै आइरहेको नेपाल निजामती कर्मचारी संगठन, बाँकेले भेरी अस्पताल नेपालगन्जमा भैरहेको रगत अभावलाई दृष्टिगत गर्दै संगठन स्थापना दिवसकै अवसरमा मिति २०७९ बैशाख ८ गते क्षेत्रीय रक्तसंचार केन्द्र, नेपालगन्जमा वृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। उक्त रक्तदान कार्यक्रममा विभिन्न ३६ जना स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो। त्यसरी रक्तदान गरि मानवीय सेवामा समर्पित हुने सबै रक्तदातालाई संगठनका तर्फबाट धन्यवाद सहित प्रमाणपत्र वितरण गरिएको थियो।






# नेपाल-भारत सिमा क्षेत्रमा सरसफाई कार्यक्रम

नेपाल निजामती कर्मचारी संगठन स्थापना दिवसको अवसरमा मिति २०७९ बैशाख ७ गते राष्ट्रिय महत्वको नेपाल भारत सिमा क्षेत्र (गेट) आसपासमा संगठनका आम सदस्य कर्मचारीहरुको सहभागितामा सरसफाई कार्यक्रम सम्पन्न भएको छ । जिल्ला स्थित विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको उक्त सरसफाई कार्यक्रमले अत्यन्तै सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको छ।




# होली मिलन शुभकामना आदान-प्रदान कार्यक्रम

२०७८ चैत्र ४ गते होली पर्वको अवसरमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले सङ्गठन सदस्यहरु बीच सदभाव र भाइचारा अभिवृद्धि गर्न सद्भावपूर्ण होली मिलन शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेको थियो। सो सद्भावपूर्ण होली मिलन शुभकामना आदान-प्रदान कार्यक्रमबाट संगठनकर्मीहरु बीच एकआपसमा शुभकामना आदान-प्रदान गर्ने, एकआपसमा रंग अविर दलेर उत्सव मनाउने, आपसी सम्बन्ध र समझदारी बलियो बनाउने उद्देश्यले आयोजना गरिएको होली मिलन शुभकामना आदान-प्रदान कार्यक्रममा सङ्गठनकर्मीहरुको उल्लेख्य सहभागिताले कार्यक्रम सफल रुपमा सम्पन्न भएको थियो।



जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र दर्ता गराऔं ।

पढ्ने उमेरका बालबालिकालाई काममा होइन विद्यालय पढ्न पठाऔं ।

नेपालगंज उप-महानगरपालिका
**१५ नं. वडा कार्यालय**
नेपालगंज, बाँके

प्रो. राजेन्द्र कुमार सोनी
श्री हनुमत स्टेशनर्स एण्ड अर्डर सप्लायर्स
फो.नं. ०८१-५३३०९५
मो. ९८४८१४४८२८
मो. ९८४८११२४४४



**रामदूत सप्लायर्स**
हस्पिटल रोड, नेपालगंज
यहाँ सबै प्रकारको स्टेशनरी र कार्यालयमा प्रयोग हुने सबै प्रकारका सामग्रीहरु उच्च क्वालिटीका साथ सुपथ मूल्यमा पाईन्छ ।
नोट : हाम्रो यहाँ रेसक्यु सम्बन्धि सम्पूर्ण सामानहरु उपलब्ध छ ।




लैङ्गीक हिंसाको विरोध गरौं ।
ज्येष्ठ नागरिक, एकल महिला, दलित बालबालिका, लोपोन्मुख जनजाती एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि वितरण गरिने भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

नेपालगंज उप-महानगरपालिका
**१७ नं. वडा कार्यालय**
नेपालगंज, बाँके

# बाल सुधार गृहमा स्वास्थ्य शिविर




पेशागत हकहितका र सेवा सुविधाका विषयमा मात्र नभई संगठन, बाँकेले समाजका विभिन्न सवालहरुमा सम्बन्धित पक्ष संगको सहकार्य र हातेमालोमा विभिन्न रचनात्मक कार्यहरु गर्दै आइरहेको छ। यसै क्रममा नेपाल निजामती कर्मचारी सङ्गठन, बाँकेको आयोजनामा सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस, २०७९ को ऐतिहासिक अवसरमा साउन १५ गते बाल सुधार गृह, बाँकेमा स्वास्थ्य शिविर संचालन गरेको थियो । शिविरमा विशेषज्ञ चिकित्सक सहित स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परिक्षण सहित निशुल्क औषधि वितरण गरिएको थियो।

कानूनको विवादमा परि देशका विभिन्न जिल्लाबाट आएर उक्त बाल सुधार गृहमा रहेका मध्ये विभिन्न स्वास्थ्य समस्या रहेका १ सय १५ जना बालकलाई चिकित्सक एवं स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परिक्षण गरिएको थियो । स्वास्थ्य परिक्षणबाट देखिएको समस्या र रोग अनुसारको औषधि सबैलाई निशुल्क वितरण गरिएको थियो। त्यसैगरि अन्य आवश्यक एवं आपतकालीन औषधिहरु बाल सुधार गृहलाई एकमुष्ट हस्तान्तरण गरिएको थियो ।

# संगठन/सहकारीको अवलोकन भ्रमण



राष्ट्र सेवक सहकारी संस्था लिमिटेड, बाँकेको व्यवस्थापनमा २०७९ बैशाख २ र ३ गते दाङ्ग-प्युठान- स्वर्गद्वारी अवलोकन भ्रमणका क्रममा दाङ्ग जिल्लाको संगठन / सहकारी र बाँके जिल्लाको संगठन / सहकारी बीच अनुभव एवं गतिविधिको जानकारी आदान-प्रदान गर्ने र नयाँ वर्षको शुभकामना आदान-प्रदान सहित मायाको चिनो आदान-प्रदान गरीएको थियो । अवलोकन भ्रमणका क्रममा राष्ट्र सेवक सहकारी संस्था लि. दाङ्गले संचालन गरेको सहकारी पसल र नेपाल निजामती कर्मचारी संगठन, दाङ्गका विविध गतिविधिहरुको बारेमा जानकारी लिइएको थियो भने बाँके संगठनका गतिविधि र राष्ट्र सेवक सहकारी संस्था लि. बाँकेका गतिविधिहरु जानकारी गराइएको थियो। सोहि अवसरमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संगठन र सहकारी सदस्यहरुको


## श्रमिक आपुर्तिकर्ता इजाजतपत्र सम्बन्धी सूचना

- श्रमिक आपूर्तीकर्ता मार्फत श्रमिकलाई काममा लगाउँदा व्यवसाय वा सेवाको मुख्य काममा बाहेक अन्य काममा लगाउनु पर्नेछ।
- श्रमिक आपूर्ती गर्न चाहने कम्पनीले श्रम ऐन २०७४ को दफा ५९ र श्रम नियमावली २०७५ को नियम २७ अनुसार इजाजत लिनु पर्ने छ । यस्तो इजाजतपत्र नविकरणको लागी प्रत्येक वर्षको असोज मसान्तसम्म विभाग वा कार्यालय समक्ष निवेदन दर्ता गराउनु पर्दछ।
- श्रम ऐन २०७४ को दफा १६३ बमोजिम श्रमिक आपूर्तिकर्ताको इजाजत पत्र नलिई श्रमिक आपूर्तिगर्नेर त्यस्तो आपूर्तिकर्ता मार्फत काममा लगाउनेलाई दुईलाख रुपैयाँसम्म जरीवाना हुन सक्ने छ।

**नोटः यो नियम सरकारी निकायको हकमा समेत लागु हुने छ।**

**श्रम तथा रोजगार कार्यालय**
नेपालगंज, बाँके

## व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा भत्ता सम्बन्धि जानकारी ।

व्यक्तिगत घटना घटेको ३५ दिनभित्र स्थायी ठेगाना भएको वडामा घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो ।

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा निःशुल्क र त्यसपछि तोकिएको जरिवाना तिरि दर्ता गर्नुपर्दछ ।

दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो ।


२० वर्षभन्दा कम उमेरमा विवाह गर्नु गराउनु दण्डनिय अपराध हो ।

प्रत्येक वर्ष भत्ता प्राप्त गर्नको लागि आ-आफ्नो वडा कार्यालयमा गई श्रावण १ देखि कात्तिक मसान्तसम्म परिचय पत्र नविकरण गराऔं ।



**डुडुवा गाउँपालिका**
बाँके

# ट्रेड युनियनहरुका तर्फबाट संयुक्त ज्ञापनपत्र पेश


मिति २०७९/०३/२७

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।
मार्फत
श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
बाँके ।

बाँके जिल्ला स्थित निजामती कर्मचारीहरुका ट्रेड युनियनको तर्फबाट पेश गरिएको
संयुक्त ज्ञापन पत्रः

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य रहेको सन्दर्भमा राष्ट्रसेवक कर्मचारीहरुको भूमिका अहम् रहेको छ । देश सङ्घीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि सङ्घीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन व्यवस्थापन एवं मार्ग दर्शन गर्ने छाता कानूनको रुपमा रहेको सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरताको भुमरीमा परेको छ । सार्वजनिक सेवा प्रवाहको प्रमुख माध्यमको रुपमा रहेको देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो । यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराउदैं आएका छौं ।

समग्र कर्मचारीको साझा हित र निजामती प्रशासनको मार्गदर्शनको रुपमा रहेको ऐन निर्माणको प्रक्रियामा सरोकारवाला पक्षहरुको अर्थपूर्ण सहभागिता अपरिहार्य रहेकोले यस्ता विषयमा सम्बन्धित पक्षहरुसँग सघन छलफलको आवश्यकता रहेको छ । सो कार्यलाई मनन गर्दै नेपाल सरकारले सरोकारवाला पक्षहरुको सहमतिमा निजामती प्रशासनलाई संघीय शासन अनुरुपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिक मैत्री गराउने कार्यमा सहयोग पुग्ने गरी ऐन जारी गर्न राष्ट्रियस्तरका ट्रेड युनियनबाट विभिन्न मिति तथा समयमा पेश भएका यसै साथ संलग्न सुझावहरुलाई समेटी संघीय संसदको चालू अधिवेशनबाट यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन जारी गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । साथै यस चालु अधिवेशनबाट संघीय निजामती सेवा ऐन जारी नभएमा संघर्षका थप कार्यक्रमहरुलाई अघि बढाइने व्यहोरा समेत जानकारी गराउँदछौं ।

देवीलाल चौलागाईं
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्य समिति, बाँके

उद्धव प्रसाद श्रेष्ठ
अध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
जिल्ला कार्य समिति, बाँके

हरि चन्द्र पाण्डे
अध्यक्ष
नेपाल राष्ट्रिय कर्मचारी संगठन(निजामती)
जिल्ला कार्य समिति, बाँके

बालकृष्ण चौधरी
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन नेपाल
जिल्ला कार्य समिति, बाँके




२०७८ असार २७ गते कर्मचारीहरुका सुझाव र मागको सम्बोधन हुने गरि तत्काल संघीय निजामती सेवा ऐन, जारी गर्न सरकार र संसदलाई दबाब दिने उद्देश्यले बाँके जिल्लामा क्रियाशिल रहेका निजामती कर्मचारीहरुको ट्रेड युनियनका तर्फबाट संयुक्तरुपमा बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री शेर बहादुर देउवालाई ज्ञापनपत्र पेश गरिएको थियो ।

# बाल सुधार गृहलाई खेलकुद तथा शैक्षिक सामग्री हस्तान्तरण




पेशागत हकहितका साथै समाजिक उत्तरदायित्वलाई समेत प्राथमिकतामा राखेर कार्यक्रमहरु सञ्चालन गदै आइरहेको संगठनले लियो क्लब अफ सिद्धिविनायक, नेपालगंज र बाँके जिल्ला स्थित विभिन्न लियो क्लबहरुको सहयोग र सहकार्यमा नेपाल निजामती कर्मचारी संगठन, बाँकेले २०७९ भाद्र १५ गते डुडुवा गाउँपालिका-वडा नं. ६ मा रहेको बाल सुधार गृहमा रहेका बालकहरुका लागि विभिन्न शैक्षिक तथा खेलकुद सामग्री हस्तान्तरण गरेको थियो ।


जन्म,विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाई-सराई जस्ता व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र दर्ता गराऔं ।

आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाऔं ।

नेपालगंज उप-महानगरपालिका
**६ नं. वडा कार्यालय**
नेपालगंज, बाँके

विजयादशमी, शुभ दिपावली तथा छठपर्वको हार्दिक मंगलमय शुभकामना ।



अध्यक्ष
लक्ष्मीकान्त मिश्रा
नेपाल निजामती सरकारी संगठन, नरैनापुर गाउँ कार्य समिति
एवं संगठन परिवार,
नरैनापुर-बाँके

नेपालीहरुको महान पर्व विजयादशमी, शुभ दिपावली तथा छठपर्वको हार्दिक मंगलमय शुभकामना ।
गुणस्तरीय औषधि तथा सर्जिकल समानको थोक विक्रेता
**सन्ध्या मेडिसिन सप्लायर्स**
कोरियनपुर, बाँके
प्रो. गंगा बराल
फो.: ०८१-५३२७६२, मो.: ९८६८२३३८९९

"Building Nation with Technology"
**Ninja Infosys Pvt. Ltd.**
EMERGING SOFTWARE DEVELOPMENT COMPANY
- SOFTWARE DEVELOPMENT
- DOMAIN REGISTRATION & HOSTING
- WEB DESIGN & DEVELOPMENT
- DIGITAL MARKETING
- GRAPHIC DESIGN and Many More !!!

Ninja Infosys

Nepalgunj-10, Adarshnagar, Banke
Contact no. 081-520361 / 9858042433
Email: ninjainfosys@gmail.com
Website: www.ninjainfosys.com

# सेवा करार कर्मचारीहरुको पुर्नबाहलीका लागि संगठनको पहल र उपलब्धि





मुलुकमा संघीयता व्यवस्थापन गर्ने क्रममा पहिलो पटक २०७४ सालमा भएको स्थानीय तह निर्वाचन पश्चात स्थानीय तह संचालनको लागि आवश्यक जनशक्ति अस्थाई, सेवा करार र ज्यालादारीमा नियुक्त गरि विभिन्न जिम्मेवारी दिई कामकाजमा खटाईएकोमा हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित बाँके जिल्लाका खजुरा गाउँपालिका लगायतका स्थानीय तहहरुमा हठात रुपमा सेवा सम्झौता नगर्ने र सेवाबाट हटाउने निर्णय गरेको प्रति सङ्गठन बाँके त्यसको विरुद्धमा सशक्त रुपमा उभिने र अस्थाई, करार र ज्यालादारी कर्मचारीको पुनर्वहालीको लागि पहलकदमी लिने काम गरेको छ। अस्थाई, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई संगठित गर्दै सामुहिक सौदाबाजी गर्ने र सामुहिक सौदाबाजी एवं वार्ता सफल नभएका स्थानमा कानूनी उपचारको बाटोमा जाने काम पनि संगठन, बाँकेले गरेको छ । यसैक्रममा मिति २०७९ श्रावण १८ गते सम्मानित उच्च अदालतबाट सेवाबाट हटाइएका कर्मचारीलाई "नियमित रुपमा हाजिर भै कामकाज गर्नबाट बन्चित नगर्नु, निजलाई पुर्ववत कामकाज गर्नदिनु" भन्ने उत्प्रेषण र परमादेश समेत प्राप्त गर्न संगठन, बाँके सफल भएको छ । यसबाट अनाहकमा सेवाबाट बेदखल हुनपुगेका कर्मचारीहरु आ-आफ्नो पदमा बाहल हुन पुगेका छन् । यस किसिमको संगठन, बाँकेको अग्रसरता, पहलकदमी र पैरवीबाट संगठन प्रति आम कर्मचारीको आकर्षण र भरोशा बढेको छ।

## हरियो घाँसबाट साईलेज बनाउने विधि र प्रक्रिया

हरियो, कलिलो अवस्थाको घाँसलाई काटेर अक्सिजन रहित अवस्थामा शुक्ष्म जीवाणुहरुद्वारा फरमेन्टेशन गराई संरक्षण गरिएको घाँसलाई साईलेज भनिन्छ। वर्षा ऋतुमा वायुमण्डलीय आद्रता बढी हुने र वर्षाले गर्दा घाँस सुकै संरक्षण गर्ने सबैभन्दा उत्तम उपाय हो । राम्रो साईलेज र नराम्रो साईलेज छुट्याउनको लागि प्रयोगशालामा परिक्षण गर्न पनि सकिन्छ।

| विवरण | राम्रो साईलेज | नराम्रो साईलेज |
|---|---|---|
| पि.एच. (अम्लता) | ४.१ | ५.४ |
| ल्याक्टिक एसिड (प्रतिशत ) | ८.५ | १.० |
| एसेटिक एसिड (प्रतिशत ) | २.५ | ३.० |
| ब्युटाईरिक एसिड (प्रतिशत ) | ०.० | ३.५ |
| एमोनिया नाईटेड (प्रतिशत ) | १.९ | ४.० |

**पशु सेवा तालिम केन्द्र**
नेपालगंज, बाँके


आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाऔं ।
पढ्ने उमेकार बालबालिकालाई काममा होइन विद्यालय पढ्न पठाऔं ।
पशु चौपायाहरु जथाभावि खुलाा नछाडौं ।

नेपालगंज उप-महानगरपालिका
**२१ नं. वडा कार्यालय**
पुरैना, बाँके


## खाद्य तथा दाना उद्योगलाई अनुज्ञापत्र जारी तथा नवीकरण सम्बन्धी जरूरी सूचना

व्यापारिक दृष्टिकोणले कुनैपनि खाद्य तथा दाना पदार्थको उत्पादन, बिक्री वितरण वा प्रशोधन गर्ने खाद्य तथा दाना उद्योगरूले खाद्य ऐन २०२३ को दफा ४ (ख) र खाद्य नियमावली २०२७ को नियम २४, दाना पदार्थ ऐन २०३३ को दफा ७ र दाना पदार्थ नियमावली २०४१ को नियम १८ बमोजिम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका सम्बन्धित कार्यालयहरूबाट अनिवार्य रूपमा अनुज्ञापत्र लिएर र प्रत्येक आर्थिक वर्षमा तोकिएको म्याद भित्रै उक्त अनुज्ञापत्र नवीकरण गरी मात्र खाद्य तथा दाना पदार्थ उत्पादन, बिक्री वितरण तथा प्रशोधन गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ । ऐन तथा नियमावलीको उक्त प्रावधान विपरीत गरेको पाइए प्रचलित कानुन बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ।

नेपाल सरकार
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय**
नेपालगञ्ज, बाँके
फोन नं. ०८१५३१५३७, ९८५८०३०३६६
इमेल: rftqconepalgunj@gmail.com


**विजयादशमी तथा शुभ दिपावली हार्दिक मंगलमय शुभकामना ।**
**कृपया सेवा गर्ने अवसर दिनुहोला ।**

प्रो० मोहन अधिकारी



WiFi free
9844815227
9814555588

**शुभकामना गेष्ट हाउस**
कोहलपुर-11, बसपार्क, पूर्व पट्टी



हाम्रो यहां खाना नास्ता, वास वस्नको लागी अटेचरुम सादारुम को राम्रो व्यवस्था छ।

### कर्मचारी मैत्री संघीय निजामती, ऐनका लागि बाँके जिल्लास्थित

# ट्रेड युनियनहरूको संयुक्त विरोध कार्यक्रम




ऐनको अभावमा नेपालको निजामती क्षेत्र अस्तव्यस्त, अस्थिर र कमजोर बनिरहेको र मुलुक संघियतामा प्रवेश गरेको सात वर्ष बितिसक्दा पनि प्रशासनिक व्यवस्थापनको पाटोमा सरकारले कानुन बिना मनमौजी ढंगले मुलुकी प्रशासन संचालन गरिरहेको कारण मुलुकको स्थाई सरकारको रुपमा रहेको निजामती प्रशासनलाई अस्थिर र कमजोर बनाउने सरकारको कदम विरुद्ध केन्द्रीय स्तरमा संयुक्त ट्रेड युनियन संजालको निर्णय बमोजिम बाँके जिल्लामा पनि मिति २०७९ भाद्र ३ गते जिल्ला स्थित संयुक्त ट्रेड युनियनको बैठक बसी भाद्र ६ गते देखि १७ गतेसम्म जिल्लाका सबै (संघ, प्रदेश र स्थानीय तह) सरकारी कार्यालयहरुमा कर्मचारी मैत्री संघीय निजामती सेवा, ऐन तत्काल जारी गर्ने लगायतका मागहरु लेखिएको कालो ब्यानर राख्ने र सबै कर्मचारीहरुले हातमा कालोपट्टी बाँधेर विरोध जनाई कामकाज गर्ने निर्णय भए अनुसार भाद्र ६ गते देखि १७ गतेसम्म जिल्लाका सबै (संघ, प्रदेश र स्थानीय तह) सरकारी कार्यालयहरुमा कर्मचारी मैत्री संघीय निजामती सेवा, ऐन तत्काल जारी गर्ने लगायतका मागहरु लेखिएको कालो ब्यानर राख्ने र सबै कर्मचारीहरुले हातमा कालोपट्टी बाँधेर विरोध जनाई सरकार र संसदलाई दबाब सृजना गर्ने कार्यक्रम सम्पन्न गरिएको छ। तर विडम्बना हालसम्म पनि संघीय निजामती सेवा, ऐन जारी हुन सकेको छैन।


## उपभोक्ताहरुले ध्यान दिनुपर्ने कुरा

- उत्पादन र उपयोग्य मिति तथा अधिकतम खुद्रा मूल्य (MRP) अनिवार्य रुपमा हेर्ने।
- केरमेट गरेको वा पुन लेबलिङ्ग/छपाईगरेको वस्तु खरिद गर्नु हुँदैन । यस्तो वस्तु उपभोग्य मिति समाप्त भएको, कम गुणस्तरिय र मूल्य बढाएको हुनसक्छ।
- प्याकिङ्गमा उत्पादन कर्ताको नाम, ठेगाना, वस्तुको मिश्रण को अवस्था हेरी सामान खरिद गर्नुपर्छ । प्याकिङ्गमा उत्पादन कर्ताको नाम, ठेगाना नभएको वस्तुको खरिद गरी सो बाट नोक्सान भएमा कस्को नाममा उजुरी गर्ने? र कसबाट क्षतिपूर्तिदाबी गर्ने? भन्ने समस्या हुन जान्छ।
- सामान खरिद गर्दाबिल पाउनु उपभोक्ताको अधिकार हो, त्यसको लागि सजग होऔं । सामान खरिद गर्दाबिल अनिवार्य रुपमा मागौं जसले गर्दा देशको अर्थतन्त्रलाईटेवा पुग्नुको साथैआफू ठगिनुबाट बच्न सकिन्छ भने उक्त सामानले नोक्सान गरेमा क्षतिपूर्तिदावी गर्नसजिलो हुन्छ।
- बढी मुल्य लिएको वा न्यून गुणस्तरीय/कमसल खाद्य वस्तु उत्पादन तथा बेचबिखन

**बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय**
नेपालगंज, बाँके






## वडाबासीहरुमा हार्दिक अनुरोध

सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखी सभ्य नागरिकको परिचय दिउँ ।

जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यविगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र दर्ता गराऔं ।

नेपालगंज उप-महानगरपालिका
**५ नं. वडा कार्यालय**
नेपालगंज, बाँके




# अन्य गतिविधिहरु

**लुम्बिनी प्रदेश सरकारलाई सुझाव पेश:** लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्रस्तुत हुने आ.व. २०७९/०८० को बजेटमा कर्मचारीको सेवा सुविधा र सरोकार सँग सम्बन्धित प्रमुख विषयहरु समावेश गरि १९ बुँदे सुझाव संगठन, बाँकेका तर्फबाट लुम्बिनी प्रदेश कार्यसमितिमा पेश गरिएको थियो।

**सदस्यता वितरण र नवीकरण:** यस जिल्लामा नयाँ नियुक्ति लिई आउने तथा सदस्यता नलिएका कर्मचारीहरुलाई संगठनको सदस्यता प्रदान गर्ने र पुराना सदस्यहरुको सदस्यता नवीकरण गर्ने कार्यलाई बाँके संगठनले नियमित रुपमा गर्दै आइरहेको छ।

**सहजीकरण:** बाँके जिल्लामा कार्यरत कर्मचारीहरुको समस्या तथा गुनासो सम्बोधनका लागि कार्यालय प्रमुख एवं सरोकारवालाहरु सँग छलफल र सहजीकरण गर्नेकार्य सङ्गठन, बाँकेले गर्दै आइरहेको छ।

**सहभागिता:** जिल्ला स्तरमा हुने विभिन्न पेशागत एवं अन्य संघ संगठनहरुका सार्वजनिक कार्यक्रम एवं बैठकहरुमा आमन्त्रण अनुसार संगठनका तर्फबाट सहभागिता एवं प्रतिनिधित्व गर्ने र संगठनका विचार / धारणाहरु प्रस्तुत गर्ने, संगठनका गतिविधि एवं कार्यक्रमहरुका बारेमा जानकारी गराउने लगायतका कामहरु संगठन, बाँकेबाट निरन्तर हुँदै आइरहेका छन्।

**समवेदना:** कर्मचारी र उहाँको परिवारजनको निधन प्रति दुख र समवेदना प्रकट गर्न उहाँहरुको घरदैलोमा पुग्ने र संगठनकर्मीको सुख-दुखको साथी बन्ने काम संगठन, बाँकेले निरन्तर रुपमा गर्दै आइरहेको छ।


वडा भित्र सार्वजनिक सडक, नाली र जग्गामा निर्माण सामाग्री नराखौं, आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाई सभ्य नागरिको परिचय दिऔं।

पशुचौपायाहरु जथाभावी खुला नछाडौं।

नेपालगंज उप-महानगरपालिका

१४ नं. वडा कार्यालय

नेपालगंज, बाँके



वडा भित्रका नयाँ घर तथा संरचना निर्माण कार्य गर्दा नेपालगंज उप-महानगरपालिकाको स्वीकृत इजाजत बिना निर्माण नगरौं।

जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता घटेको ३५ दिनभित्र दर्ता गराऔं।

नेपालगंज उप-महानगरपालिका

७ नं. वडा कार्यालय

नेपालगंज, बाँके


# विदाई तथा स्वागत



बाँके जिल्लाबाट अन्यत्र सरुवा भैजाने एवं सेवा निवृत्त भै जानुहुने सङ्गठनकर्मीहरुको विदाई र अन्यत्र जिल्लाबाट सरुवा भइ एवं नयाँ नियुक्ति लिई बाँके जिल्लामा आउनुहुने कर्मचारी /संगठनकर्मीहरुको विभिन्न कार्यक्रम एवं बैठकहरुमा स्वागत गर्ने कार्य बाँके संगठनले निरन्तर रुपमा गर्दै आइरहेको छ।

**राहत/सहयोग:** बाढी पिडित / आगलागी पिडितलाई राहत होस् या अशक्त असाहयलाई सहयोग। उपचार गर्न नसकेका लागि उपचार सहयोग होस् या पढ्न नसकेका लागि शैक्षिक सहयोग। वृद्धवृद्धा, महिला र बालबालिका लगायतलाई संगठनले सहयोग गर्दै आइरहेको छ।

यसरी संगठन बाँकेले, केन्द्र र प्रदेश कार्यसमितिको निर्णय, निर्देशन र कार्यक्रमलाईपूर्णरुपमा कार्यान्वयन गर्ने र आफ्नै पहलकदमीमा पनि थुप्रै रचनात्मक र सृजनात्मक कार्यहरु गर्दै संगठनलाई गतिशील र क्रियाशिल बनाउने काममा बाँके संगठन निरन्तर लागिरहेको छ।


# सार्वजनिक सूचना

१. सार्वजनिक सडक ऐन, २०३१ अनुसार राजमार्गको केन्द्र रेखा देखि दायाँबायाँ दुवै तिर २५/२५ मिटर सडक सिमा भित्र कुनै किसिमको संरचना बनाउन निषेध गरिएको छ। साथै सडक सीमाको किनाराबाट ६/६ मिटरसम्म पर्खाल बाहेक अन्य कुनै किसिमको स्थाई बनावट (स्ट्रकचर) वा भवन कसैले निर्माण गर्न निषेध गरिएको छ।

२. सडक सिमा भित्र जथाभावी सामान थुपार्ने, व्यक्तिगत प्रयोजनका कामहरु गर्ने, घरपालुवा जनावरहरु छाड्ने, जथाभावी पार्किंग गर्ने तथा मानिसहरुको जथाभावी आवत जावतले दुर्घटना निम्त्याउने हुँदा त्यस्ता कार्यहरु नगर्न अनुरोध छ।

३. सडकमा निर्वाध रुपमा सवारी संचालन गर्नअवरोध पुग्ने किसिमका कामहरु नगर्न तथा पैदल यात्रुहरु सडकको छेउबाट सुरक्षित तवरले हिंड्न अनुरोध छ।

४. सार्वजनिक सडकहरु तपाई हाम्रै सम्पत्ति हुन्, यिनीहरुको हेर विचार र सुरक्षा गरौं।

हुलाकी राजमार्ग योजना कार्यालय

नेपालगंज बाँके

# हप्तामा कति घण्टाको काम उपयुक्त ?

**कर्मचारी हप्ताभरि गोरु झैं जोतिँदा मात्रै कामको प्रतिफल राम्रो आउने हैन । थोरै काम गरेर पनि राम्रो उत्पादकत्व आउने विभिन्न परीक्षणले देखाएका छन् । न्युजिल्यान्डको पर्पेचुअल गार्डियन कम्पनीमा परीक्षण स्वरूप २०० कर्मचारीलाई तलब र अरू सुविधामा परिवर्तन नहुने गरी हरेक साता थप एक दिन बिदा दिइयो । ती कर्मचारी कम घण्टा कामग रेर पनि बढी उत्पादनशील र बढी खुसी देखिए ।**



मैना धिताल

पछिल्लो समय 'वर्क-लाइफ ब्यालेन्स' (काम र निजी जिन्दगी बीचको सन्तुलन) को अवधारणाले संसारभरि नै बढी महत्व पाउन थालेको छ। कामसँगै घरपरिवार र साथीभाइलाई समय, सामाजिक भेटघाट, घुमफिर र व्यक्तिगत आराम बीच सन्तुलन हुनुपर्छ भन्ने सोच र अभ्यास बलियो बन्दै गएको छ।

## के चाहन्छ अमेरिकी नयाँ पुस्ता ?

अमेरिकामा अघिल्लो पुस्ता धेरै काममा मरिमेट्ने पुस्ताका रूपमा चिनिन्थ्यो। पछिल्लो पुस्ता भने मरिमेटी कामगरेर पैसा कमाउन भन्दा रमाइलो र कम तनावमा जिन्दगी बिताउनुलाई बढी महत्त्व दिन चाहन्छन्। खासगरी 'मिलेनियल' (सन् १९८१-९६ बीच जन्मिएका) हरू काम र निजी जिन्दगी बीच सन्तुलन चाहन्छन्। एक अध्ययन अनुसार, ८० प्रतिशत मिलेनियल व्यक्तिगत जीवन र कामबीचको सन्तुलनमा असर पर्छ कि पर्दैन भन्ने पक्षबाट आफ्नो जागिरबारे सोचविचार गर्ने गर्छन् (फ्लेक्सजब, सन् २०१८)।



अझ कोभिड महामारी पछि त 'वर्क-लाइफ ब्यालेन्स' को चाहना झनै बढ्न थालेको छ। माइक्रोसफ्टले ३१ मुलुकमा ३० हजार कर्मचारी बीच गरेको सर्वेक्षण अनुसार, ७३ प्रतिशत कर्मचारी सामान्य अवस्थामा पनि 'रिमोट वर्क' गर्न चाहन्छन् । कर्मचारी तथा कामदारको त्यही मनोविज्ञान बुझेर पछिल्लो समय धेरै कम्पनीले हाइब्रिड ( कार्यालय र घर वा अन्यत्र बसेर अनलाइन मार्फत गर्ने कामको मिश्रण) मोडालिटी अपनाएका छन् । 'वर्कलाइफ ब्यालेन्स' कै कारण स्वतन्त्ररूपमा कामगर्नेहरूको संख्या पनि पछिल्लो समय बढ्दो छ। यडलम्यानले गरेको सर्वेक्षणमा सन् २०२८ सम्म करिब ९ करोड अमेरिकीहरू स्वतन्त्र कामदार, फ्रिलान्सर, स्वउद्यमी आदिमा रूपान्तरण हुनेछन्।

## जागिर र निजी जिन्दगीबीच तारतम्य

'वर्क-लाइफ ब्यालेन्स' ले कर्मचारी कामदारमा कामप्रतिको तनाव घटाउने त छँदैछ, यसबाट समग्रमा उनीहरूले गर्ने कामको गुणस्तर र उत्पादकत्व पनि बढ्ने देखिएको छ। यसबाट कर्मचारीमा कामप्रतिको सन्तुष्टि पनि बढ्ने अध्ययनहरूले देखाएका छन्। त्यसैले रोजगारदाताले पनि पछिल्लो समय यस तर्फ ध्यान दिन थालेका छन्। 'रिमोटवर्क' वा 'वर्कफ्रमहोम' का कारण कर्मचारी कामदारहरूको काम र निजी जीवन बीचको सन्तुलन ल्याउन धेरै सहयोग पुगेको छ।

त्यसबाहेक काम गर्ने समयतालिका लचिलो हुँदा पनि कर्मचारीलाई जागिर र निजी जीवनबीच सन्तुलन मिलाउन सहज हुन्छ। उदाहरणका लागि, कुनै कर्मचारीलाई बेलुका छ बजे कुनै बिहे वा पार्टीमा जानु छ भने उसले बिहानै नौ बजेको सट्टा सात बजेदेखि काम थालेर अपराह्न तीन बजे नै अफिसबाट छुट्टी लिन सक्छ। लचकताकै लागि एउटा पूर्णकालीन काममा दुई जना पार्ट टाइम कर्मचारी राखेर पनि साझेदारी (जब सेयरिङ) गराउन सकिन्छ।

कर्मचारी कामदारका लागि अभिभावकीय बिदा अर्को महत्त्वपूर्ण पक्ष हो। बालबालिका प्रतिको दायित्व अभिभावकसँगै राज्यको पनि हो। त्यसैले बच्चा जन्मँदा वा धर्म सन्तान ग्रहण गर्दा धेरै मुलुकमा आमासँगै बाबुले पनि पितृत्व बिदा पाउँछन्। फिनल्यान्ड, जर्मनी, आइसल्यान्ड र नर्वे जस्ता मुलुक विश्वमै अभिभावकीय बिदा सम्बन्धी राम्रो नीति भएका मुलुक हुन्।

फिनल्यान्डले दुवै अभिभावकलाई छुट्टाछुट्टै १६४ दिन बिदा दिन्छ। बच्चा १३ हप्ताको नहुन्जेल अभिभावकीय भत्ता पनि दिइन्छ। यस्तै, जर्मनीमा बच्चा ३ वर्ष नपुगुन्जेल अभिभावकले (आफैंले जन्माएको वा धर्मसन्तान दुवैका लागि) छुट्टी लिन सक्छन्। यसरी बिदा लिँदा हप्ताको बढीमा ३० घण्टासम्म मात्रै काम गर्दा हुन्छ। त्यस बाहेक भत्ता र अरू सुविधा पनि छन्। नेपालमा भने बालबालिकामा राज्यको लगानीले अझै प्राथमिकता पाउन सकेको छैन। अझै पनि यसलाई 'महिलाको जिम्मेवारी' का रूपमा मात्रै हेरिन्छ।

यस्तै, कर्मचारीको स्वास्थ्यलाई ध्यानमा राखेर कार्यालयमै जिमखाना/योग/ध्यान केन्द्र खोल्ने अभ्यासहरू पनि सुरु भएका छन्। सुत्केरी बिदासम्म राम्ररी नपाइने नेपालमा त्यो सुविधा झन् टाढा कै कुरा होला।

## धेरै घण्टा, थोरै उपलब्धि

धेरै घण्टा काम गर्नुको अर्थ धेरै उपलब्धि भन्ने छैन। दक्षिण कोरियालाई नै हेरौं। ऊ विश्वकै बढी लामो समय कामगर्ने मुलुकमा पर्छ। तर, त्यसअनुसारको उत्पादकत्व भने देखिँदैन। सन् २०१८ मा आर्थिक विकास तथा सहयोग संगठन (ओईसीडी) भित्र पर्ने मुलुकहरूको औसत श्रम उत्पादकत्व ५४.७ डलर प्रति घण्टा रहँदा कोरियाको ३७ डलर प्रति घण्टा थियो। पछिल्लो दशकमा उसको प्रति घण्टा श्रम उत्पादकत्व निरन्तर बढे पनि अरू ओईसीडीमुलुकका तुलनामा निकै तल छ। ओईसीडीकै अध्ययन अनुसार, सन् २०२० मा कोरियाका कामदारले १,९०८ घण्टा काम गरे जुन अरू ओईसीडी मुलुकको औसतभन्दा २२१ घण्टा बढी हो। यो अमेरिकाको भन्दा १४१ घण्टा र जापानको भन्दा ३१० घण्टा लामो थियो। अझ जर्मनी, फ्रान्स र युकेका तुलनामा निकैबढी थियो।

पछिल्लो समय समग्र काम गर्ने घण्टा वा दिनमा पनि कटौती गर्नेअभ्यास चल्न थालेको छ। कर्मचारी हप्ताभरि गोरु झैं जोतिँदा मात्रै कामको प्रतिफल राम्रो आउने हैन। थोरै काम गरेर पनि राम्रो उत्पादकत्व आउने विभिन्न परीक्षणले देखाएका छन्। न्युजिल्यान्डको पर्पेचुअल गार्डियन कम्पनीमा परीक्षणस्वरूप २०० कर्मचारीलाई तलब र अरू सुविधामा परिवर्तन नहुने गरी हरेक साता थप एक दिन बिदा दिइयो। अकल्यान्ड विश्वविद्यालयका मानवसंसाधन व्यवस्थापनका प्रोफेसर ज्यारडहारले गरेको अध्ययनले केदेखायोभने, उनीहरू कम घण्टा काम गरेर पनि बढी उत्पादनशील र थप खुसी देखिए (१८ जुलाई२०१८, द गार्डियन)।

त्यसैले होला, पछिल्लो समय हप्ताका चार दिन मात्रैकाम गर्नेअवधारणा पनि आएको छ। माइक्रोसफ्ट जापानले सन् २०१९मा हप्ताका चारदिन कामगर्ने अभ्यास परीक्षणका रूपमा लागू गरेको थियो। समग्र काम गर्ने घण्टा कम भए पनि कामदारले उति नै तलब तथा पारिश्रमिक पाएका थिए। त्यसबाट कर्मचारीको उत्पादकत्व ४० प्रतिशत वृद्धि भएको थियो (सीएनबीसी, २ मार्च २०२२)। खासगरी सिंगापुर, थाइल्यान्ड, भियतनाम, फिलिपिन्स, इन्डोनेसिया लगायतका दक्षिणपूर्वी एसियाली मुलुकहरू हप्तामा चार दिन बिदा दिन तयार देखिएका छन् (मिल्यु, १७ फ्रेबुअरी २०२२)।

## नेपालमा कहिले ?

अरू मुलुकमा हप्तामा चार दिन मात्रैकाम गर्ने अभ्यास सुरु हुँदा नेपालमा भने कार्यालय समय अझै साताको छ दिन नै छ। अघिल्लो दशकमा परीक्षण स्वरूप हप्ताका दुई दिन सरकारी बिदा दिन थालिए पनि त्यसले निरन्तरता पाएन।

नेपालमा रिमोट वर्कले अझै व्यापकता पाउन सकेको छैन, अझै माया पाउन सकेको छैन। कोभिड महामारीका बेला घरबाट काम गर्ने केही अभ्यास भएपनि अझै यसलाई खुला हृदयले अँगाल्न सकिएको देखिँदैन। कतिपय निजीक्षेत्रका कर्मचारीले कोभिडको लकडाउनमा घरमा बसेर काम गर्ने अवसर त पाए, तर पूरा तलब भने पाएनन्। बिहान नौ बजेदेखि बेलुका छ बजे सम्मै काम गराउन लगाउने तर तलब चाहिँ आधामात्रै दिनेहरू पनि देखिए। हुनत रिमोट वर्कका लागि बिजुली र इन्टरनेटको भरपर्दो उपलब्धता र पहुँच पनि उत्तिकै आवश्यक हुन्छ।

निजी, गैरसरकारी, सार्वजनिक तथा सरकारी सबै क्षेत्रका मानव संसाधन विभागहरूले 'वर्क-लाइफ ब्यालेन्स' हुने गरी लचिला कार्यक्रमहरू ल्याउन आवश्यक छ। नेपाल जस्तो सामाजिक गतिविधि र संयुक्त परिवारको अवधारणा बलियो रहेको समाजमा यसको अझ बढी खाँचो छ।

अनिता आचार्य र जी. पद्मावतीले नेपालका निजी बैंकका कर्मचारीहरूबीच गरेको एक अध्ययनले 'वर्क-लाइफ ब्यालेन्स' ले कर्मचारीमा कामप्रतिको सन्तुष्टि बढाएको पाइयो। पेसागत क्षमता अभिवृद्धि र संस्थाले 'वर्क-लाइफ ब्यालेन्स' का लागि गर्ने पहललाई कर्मचारी कामदारले 'उत्साहजनक विशेषता' का रूपमा लिने गरेको पाइयो।

यस्तै, अन्य केही सर्वेक्षणमा पनि कर्मचारीले आफ्नो कामका लागि लचिलो खालको कार्यतालिका महत्वपूर्ण भएको र आफूले त्यस्तो चाहेको बताएका थिए। लचिलो कार्यतालिकाको अभ्यासले कर्मचारीमा सकारात्मक प्रभाव पारेको पाइएको थियो। त्यसले व्यक्तिगत प्रतिबद्धता र कामको समय व्यवस्थापन गर्न सहज भएको र आफूलाई बढी जिम्मेवार बनाएको सहभागीले बताएका थिए।

एकातिर कामको जिम्मेवारी र सफलता, अर्कातिर घरपरिवार तथा साथीभाइसँगको सम्बन्ध र जिम्मेवारी। यी दुई पक्ष मध्ये कतातिर बढी समय दिने भन्नेमा पेसागत क्षेत्रमा लागेकाहरूको मन विभाजित हुन पुग्छ। रोजगारदाताले सकेसम्म सन्तुलनमा राख्ने प्रयास गरेमा कर्मचारीको काँधमा थुप्रिएको त्यो अभिभारा पनि हट्न पुग्छ। कम्पनी तथा रोजगारदाताहरूले उचित ठाउँमा सानो लगानी गर्दा पनि त्यसले कामको सन्तुष्टि र उत्पादकत्वमा गुणस्तरीय र नसोचेको परिवर्तन ल्याउन सक्छ। कर्मचारीको 'कामचोर' प्रवृत्तिलाई औंल्याउँदै यस्तो नीतिले झनै कामको गुणस्तर र प्रतिफललाई असर पुऱ्याउने तर्क पनि गर्न सकिएला, तर त्यसका लागि कर्मचारीलाई जिम्मेवार बनाउने थुप्रै तौरतरिका अपनाउन सकिन्छ।

फेरि बिहानदेखि बेलुकासम्म काममा जोतिँदा मात्रै नतिजा राम्रो आउने होइन भन्ने तथ्य अध्ययनहरूले पनि देखाउन थालेका छन्। कामगर्ने क्षेत्रमा अलिकति मात्रै पनि लचकता अपनाउँदा कर्मचारीलाई धेरै प्रोत्साहन मिल्छ। पारिवारिक र पेसागत जिम्मेवारीको पेलानमा रहेका कर्मचारी (खासगरी महिलाहरू) लाई यसबाट धेरै सहयोग र प्रोत्साहन पुग्ने थियो।

अन्त्यमा, राज्य, नीति-निर्माता र रोजगारदाताहरूले समय सान्दर्भिक, वैज्ञानिक र सिर्जनशील खालका 'वर्क-लाइफ ब्यालेन्स' का पहलहरू गर्न ढिलाइ गर्नु हुँदैन। कर्मचारी खुसी र सन्तुष्ट भए मात्रै कामको गुणस्तर र प्रतिफल पनि बढ्छ। – कान्तिपुरबाट

आम नेपाली दाजु-भाइ तथा दिदी-बहिनी एवम् राष्ट्र सेवक कर्मचारीहरुमा विजयादशमी, शुभ दिपावली तथा छठपर्व २०७९ को अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल निजामती कर्मचारी संगठन
जिल्ला कार्य समिति, बाँके

समयमै व्यक्तिगत घटना दर्ता गरौं, सभ्य नागरिकको परिचय दिउँ ।



जन्म, मृत्यु, विवाह, सम्बंध बिच्छेद, र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तब्य निभाऔं ।

बैजनाथ गाउँपालिका
बाँके

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०७९ को हार्दिक मंगलमय शुभकामना ।

वडा भित्रका नयाँ घर तथा संरचना निर्माण कार्य गर्दा नेपालगंज उप-महानगरपाकिलाको स्वीकृत इजाजत बिना निर्माण नगरौं
जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र दर्ता गराऔं।
नेपालगंज उप-महानगरपालिका
१ नं. वडा कार्यालय
नेपालगंज, बाँके

जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र दर्ता गराऔं।
पढ्ने उमेरका बालबालिकालाई काममा होइन विद्यालय पठाऔं ।
नेपालगंज उप-महानगरपालिका
१६ नं. वडा कार्यालय
नेपालगंज, बाँके

वडा भित्रका सम्पूर्ण पसल व्यवसायीहरुले अनिवार्य रुपमा नेपालगंज उप-महानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता गरौं र आफ्नो पसल व्यवसाय संचालन गर्दा सार्वजनिक क्षेत्र अतिक्रमण नगरौं ।
नेपालगंज उप-महानगरपालिका
१० नं. वडा कार्यालय
नेपालगंज, बाँके

आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाऔं।
पशुचौपायाहरु जथाभावी खुला नछाडौं
पढ्ने उमरका बालबालिकालाई काममा होइन विद्यालय पठाऔं।
नेपालगंज उप-महानगरपालिका
२२ नं. वडा कार्यालय
नेपालगंज, बाँके

# नेपाल निजामती कर्मचारी संगठनको

## बाँके जिल्लाका विभिन्न स्थानिय तह र कार्यालयमा गठन भएका इकाइ कार्य समितिहरु

मुलुकको संघीय संरचना अनुरुप नेपाल निजामती कर्मचारी संगठन, बाँकेले पनि संघीयतालाई आत्मसात गर्दै "जहाँ-जहाँ सरकार त्यहाँ-त्यहाँ ट्रेड युनियन अधिकार" को मान्यता अनुरुप संगठनलाई विकास र विस्तार गर्दै बाँके जिल्लाका ८ वटा स्थानीय तह मध्य ६ वटा स्थानीयमा संगठनको इकाइ कार्यसमिति गठन र बाँके राष्ट्रिय निकुन्जमा प्रारम्भिक इकाई कार्यसमिति गठन भैसकेका छन्भने बाँकी २ वटा स्थानीय तह र अन्य कार्यालय स्तरमा प्रारम्भिक कार्यसमिति गठन गर्ने र आम राष्ट्र सेवक कर्मचारीहरुलाईसंगठनको छाता भित्र गोलबन्द गरी उच्चमनोबलका साथ प्रभावकारी सेवा प्रवाहका साथै ट्रेड युनियन आन्दोलनलाई थप गतिशील र सशक्त बनाउने संगठनको कार्ययोजना रहेको छ।

**जिल्लाका विभिन्न स्थानीय तह र कार्यालय स्तरमा गठन भएका नेपाल निजामती कर्मचारी संगठनका इकाई कार्य समितिहरु:**

### नेपालगंज उप-महानगरपालिका

| | |
|---|---|
| १. मनराज थापा | अध्यक्ष |
| २. शिवा शाह | उपाध्यक्ष |
| ३. मदन रावत | सचिव |
| ४. इश्वरी सापकोटा | कोषाध्यक्ष |
| ५. समिर गुरुङ्ग | सदस्य |
| ६. सिताराम शर्मा | सदस्य |
| ७. मिथलेस कुमार वर्मा | सदस्य |
| ८. चित्रा कु. पुन | सदस्य |
| ९. जय मंगल प्रसाद पटेल | सदस्य |
| १०. शालिकराम कश्यप | सदस्य |
| ११. आशा नेपाली | सदस्य |

### खजुरा गाउँपालिका

| | |
|---|---|
| १.गिरधारी पौडेल | अध्यक्ष |
| २. मञ्जु शर्मा | उपाध्यक्ष |
| ३. निर्मल रेग्मी | सचिव |
| ४. दिपक ढकाल | सह-सचिव |
| ५. भक्त बहादुर रावत | कोषध्यक्ष |
| ६. शुशिला न्यौपाने | सदस्य |
| ७. सन्देश थापा मगर | सदस्य |
| ८. दिपा गौतम | सदस्य |
| ९. आशा सेटी | सदस्य |
| १०. भिमसेन खड्का | सदस्य |
| ११. रन्जना घर्ती | सदस्य |
| १२. विवेक कुमार सिंह | सदस्य |
| १३. दान बहादुर थापा | सदस्य |
| १४. पुनम पोखेल | सदस्य |
| १५. बुद्धि थापा | सदस्य |

### कोहलपुर नगरपालिका

| | |
|---|---|
| १. प्रदिप कुमार रावत | अध्यक्ष |
| २. लोकमाया भारती | उपाध्यक्ष |
| ३. मिन बहादुर वि.क. | सचिव |
| ४. सुशिला थापा | कोषाध्यक्ष |
| ५. सूर्य चपाई | सदस्य |
| ६. प्रदिप तिमिल्सेना | सदस्य |
| ७. विजय रखाली | सदस्य |
| ८. चित्रराम वली | सदस्य |
| ९. गणेश खड्का | सदस्य |
| १०. यशोदा योगी | सदस्य |
| ११. प्रविन बस्नेत | सदस्य |
| १२. सुदन बुढाथोकी | सदस्य |

### जानकी गाउँपालिका

| | |
|---|---|
| १. दिपक के.सी. | अध्यक्ष |
| २. मिना मिश्र | उपाध्यक्ष |
| ३. गुलाम हैदर हल्वाई | सचिव |
| ४. शिव बहादुर थापा क्षेत्री | कोषाध्यक्ष |
| ५. सिमा चौधरी | सदस्य |
| ६. देवी वि.क. | सदस्य |
| ७. हेमराज यादव | सदस्य |
| ८. राम कुमार पाठक | सदस्य |
| ९. कल्पाना गाहा | सदस्य |

आफ्नो वडालाई सक्षम, सबल, सफा र हराभरा बनाऔं ।
पढ्ने उमेरका बालबालिकालाई काममा होइन,
विद्यालयमा पढ्न पठाऔं ।
पशु चौपायाहरुलाई जथाभावी खुला नछाडौं ।
नेपालगंज उप-महानगरपालिका
३ नं. वडा कार्यालय
नेपालगंज, बाँके

विजयादशमी, शुभ दिपावली तथा छठपर्वको
हार्दिक मंगलमय शुभकामना ।
अमृत बुक्स स्टेशनरी एण्ड सप्लायर्स
गणेशमान चोक
मो. ९८५८०३३७९७, ९८४८८३८५९
कृपया सेवा गर्ने अवसर दिनुहोला ।

## नरैनापुर गाउँपालिका

१. श्री लक्ष्मी कान्त मिश्र — अध्यक्ष
२. श्री भरत राज गोरायेकी — उपाध्यक्ष
३. श्री जीवन लाल यादव — सचिव
४. श्री प्रकाश अधिकारी — कोषाध्यक्ष
५. श्री जय प्रकाश पाठक — सदस्य
६. श्री जगतराम यादव — सदस्य
७. श्री दिनेश कुमार मौर्य — सदस्य
८. श्री वडेलाल विश्वकर्मा — सदस्य
९. श्री इन्द्र बहादुर यादव — सदस्य
१०. श्री मुराद खाँ — सदस्य
११. श्री आरीफ खाँ — सदस्य
१२. श्री कमल के.सी. — सदस्य
१३. श्री बच्छाराज विश्वकर्मा — सदस्य
१४. श्री राजेन्द्र प्रसाद बाहुन — सदस्य
१५. श्री धतराज कठायत — सदस्य
१६. श्री अफरोज खाँ — सदस्य
१७. श्री सम्झना चौधरी — सदस्य

## बैजनाथ गाउँपालिका

१. श्री डोटी नेपाली — अध्यक्ष
२. श्री दल बहादुर सुनार — उपाध्यक्ष
३. श्री लक्ष्मी पौडेल — उपाध्यक्ष
४. श्री जनक बहादुर रावत — सचिव
५. श्री रामचन्द्र बानिया — सह-सचिव
६. श्री जितेन्द्र लामिछाने — कोषाध्यक्ष
७. श्री सन्तोष जिसी — सदस्य
८. श्री खेम सापकोटा — सदस्य
९. श्री मिलन वि.सी. — सदस्य
१०. श्री अनिता ओली — सदस्य
११. श्री भिम बहादुर चौधरी — सदस्य
१२. श्री मदन प्रसाद थारु — सदस्य
१३. श्री हरि प्रसाद पौडेल — सदस्य
१४. श्री विर्ष राणा — सदस्य

## बाँके राष्ट्रिय निकुन्ज

१. मेघराज बराल — अध्यक्ष
२. जीत बहादुर वली — उपाध्यक्ष
३. चक्र शाही — सचिव
४. हिरे जैसी — कोषाध्यक्ष
५. शितल कार्की — सदस्य
६. नन्द घर्तिमगर — सदस्य
७. रतन बुढा — सदस्य
८. उदयराम ओली — सदस्य
१०. सौरभ विष्ट — सदस्य
११. मोहन बुढा — सदस्य
१२. बिनोद मल्ल — सदस्य
१३. जनक गोर — सदस्य
१४. रमानन्द अधिकारी — सदस्य
१५. यक्ष सिंह — सदस्य
१६. अर्जुन रिजाल — सदस्य
१७. झलक भट्ट — सदस्य

विजयादशमी तथा शुभ दिपावली हार्दिक मंगलमय शुभकामना ।
कृपया सेवा गर्ने अवसर दिनुहोला ।




"माछापालन गरि आय आर्जन एवं रोजगारी सृजना गरौं"

माछापालनको आधारभूत कुराहरु प्रति कट्ठा पोखरीको लागि पोखरीमा पानीको गहिराई १.५-२ मिटर कायम गर्ने। घरापोले चुन १५ के.जी. राख्ने। मिश्रित माछापालनको लागि ठुलो भुरा ३५० वा सानो भुरा ५०० गोटाका दरले स्टक गर्ने।

**मलखादको हकमा**

**आधार मात्राः** गोबर मल १०० के.जी., युरिया ४.५ के.जी. र डी.ए.पी. ३ के.जी.
**टप ड्रेसः** युरिया ५०० ग्राम, डी.ए.पी. २५० ग्राम, गोबर मल१० के.जी.
**दानाः** ढुटो, पिना वा पलेट दानाशरीरको तौलको ३.५ प्रतिशतका दरले।
**उत्पादनः** १५०-२०० के.जी. / कट्ठा।

मत्स्य विकास केन्द्र
सम्शेरगंज बाँके

# सरकार, संघीय निजामती सेवा ऐन कहिले आउँछ ?



देवीलाल चौलागाई

**संघीयता सहितको नेपालको संविधान जारी भएको र मुलुकमा संघीयता कार्यान्वयन भएको झन्डै सात वर्ष वितिसक्दा पनि मुलुकी प्रशासन संचालनको मेरुदण्डको रुपमा रहेको संघीय निजामती सेवा, ऐन हालसम्म पनि जारी हुन नसक्नु अत्यन्त दुखद र दुर्भाग्यपूर्ण अवस्था हो ।**

संसदको तेश्रो अधिवेशन चलिरहेको समय २०७५ माघ २३ गते संघीय संसदमा पहिलो पटक दर्ता भएको “सङ्घीय निजामती सेवा ऐन” संसद्को एघारौं अधिवेशन मात्र होइन यो संसदको आयु सकिँदा सम्म पनि पारित हुन सकेन। मुलुकको राजनैतिक एवं संबैधानिक व्यवस्थापन पछिको अत्यन्त महत्वपूर्ण प्रशासनिक व्यवस्थापनमा सरकार र संसदले यति विघ्न वेवास्ता गर्नुको कारण बुझ्न सकिएको छैन। सरकारको गैरजिम्मेवारपन भने छताछुल्ल भएको छ। यो सुखद पक्ष अवश्य होइन। यो एउटा गम्भीर चिन्ताको विषय हो। विधिको शासन र कानूनी राज्यको अवधारणा माथि यसले गम्भीर प्रश्न खडा गरेको छ।

निजामती प्रशासनमा अहिले एकातिर संघीय निजामती सेवा, ऐनको अभावका कारण थुप्रै अव्यवस्था, अन्यौलता र अनिश्चितताको स्थिति रहेको छ भने अर्कोतिर प्रस्तावित संघीय निजामती सेवा, ऐनमा राखिएका कतिपय व्यवस्थाहरु हिजो देखि कर्मचारीहरुले प्राप्त गर्दै आइरहेको र उपभोग गर्दै आइरहेको थुप्रै सेवा-सुविधा र अधिकारहरु कटौती हुनेगरी आएका कारण देशभरका हजारौं कर्मचारी आन्दोलित हुन पुगेका छन्।

सबैभन्दा पहिले सङ्घीय निजामती सेवा, ऐन जारी गरेर कर्मचारी समायोजन र व्यवस्थापनको बाटो खोल्नु पर्नेमा मूल ऐन बिनै हचुवा र अपरिपक्व ढङ्गले कर्मचारी समायोजन र व्यवस्थापन गर्ने काम सरकारबाट विगतमा भयो । परिणामतः सरकारले समायोजन सकिएको घोषणा गरेतापनि कर्मचारी समायोजन र व्यवस्थापनले अझै पूर्णता पाउन सकिरहेको छैन। कुनैपनि पूर्वतयारी विना हतार-हतार कर्मचारी समायोजनमा हाम फाल्दा स्वयम् सरकार र कर्मचारी दुवैले कठिनाइको सामना त गर्नु पऱ्यो नै, सेवा प्रवाह झन् अस्तव्यस्त बन्यो। यो क्रम जारी नै छ।

लामो समय देखि संघीय निजामती सेवा, ऐनको अभावमा नेपालको निजामती क्षेत्र अस्तव्यस्त, अस्थिर र कमजोर बनिरहेको र मुलुक संघियतामा प्रवेश गरेको सात वर्ष वितिसक्दा पनि प्रशासनिक व्यवस्थापनको पाटोमा सरकारले कानुन बिना मनमौजी ढंगले मुलुकी प्रशासन संचालन गरिरहेको कारण मुलुकको स्थाई सरकारको रुपमा रहेको निजामती प्रशासनलाई अस्थिर र कमजोर बनाउने सरकारको गलत कदम सच्च्याउन आन्दोलनको घोषणा गरेका कर्मचारीहरुको राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले पहिलो चरणमा प्रमुख राजनीतिक दलका शिर्ष नेतृत्व, संसदीय दलका प्रमुख सचेतक, सम्बन्धित मन्त्रालयका सचिव लगायतका प्रतिनिधिहरुलाई भेटि आफ्ना माग र सुझावहरु पेश गरेका थिए । र शिर्ष राजनीतिक एवं संसदीय नेतृत्वका साथै उच्च प्रशासनिक नेतृत्वबाट पनि सम्बोधनको आश्वासन दिइएको थियो। आश्वासन दिएको नेतृत्वले काम अघि बढाएको देखिएन । ऐन जारी गर्ने सवालमा जब सरकार र संसदले बिलम्ब गर्नथाल्यो तब कर्मचारीहरुको राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले संयुक्त रुपमा देशैभर एकै पटक भाद्र ६ गते देखि १७ गते सम्मको लागि दोश्रो चरणको आन्दोलनको घोषणा गरे र विरोध स्वरुप देशैभरका सबै सरकारी कार्यालयहरुमा संघीय निजामती सेवा, ऐन तत्काल जारी गरिनुपर्ने लगायतका पेशागत मागहरु लेखिएको कालो ब्यानर सहित हातमा कालोपट्टी बाँधेर काम गर्न थाले।

सिंहदरबार, संसद सचिवालय, सर्वोच्च अदालत, सबै मन्त्रालय, विभाग, आयोग, अदालत देखि देशैभरका सबै सरकारी कार्यालयहरुको प्रवेशद्वारमा राखिएको कालो ब्यानर र कालोपट्टी बाँधेर विरोध र आन्दोलित भावना सहित सेवा प्रवाहमा खटिएका कर्मचारीहरुको विरोधलाई सरकारले केवल निर्लज्जता पुर्वक हेरिरह्यो। कम्तिमा संवादलाई पनि अगाडी बढाउन चाहेन सरकारले। सम्बन्धित सरोकारवाला पक्षको सरोकारलाई सम्बोधन गर्नेगरि राज्य संचालनको लागि आवश्यक पर्ने कानुन निर्माण गर्नु त सरकारको आफ्नै दायित्व पनि हो। त्यसका लागि आवाज उठाउनु पर्ने र आन्दोलन गर्नुपर्ने स्थिति आफैमा दुखद र विडम्बनापूर्ण अवस्था हो। सरकारले यस हद सम्मको निर्लज्जता किन प्रस्तुत गरिरहेको छ ? त्यो बुझ्न सकिएको छैन।

संघीयता सहितको नेपालको संविधान जारी भएको र मुलुकमा संघीयता कार्यान्वयन भएको झन्डै सात वर्ष वितिसक्दा पनि मुलुकी प्रशासन संचालनको मेरुदण्डको रुपमा रहेको संघीय निजामती सेवा, ऐन हालसम्म पनि जारी हुन नसक्नु अत्यन्त दुखद र दुर्भाग्यपूर्ण अवस्था हो । मुलुकको स्थाई सरकारको रुपमा रहेको निजामति प्रशासन संचालन र व्यवस्थापनमा यसले गम्भीर असर पारेको छ। संघीय निजामती सेवा ऐन बिनै कर्मचारी समायोजन गर्ने काम गरियो। यसले झनै निजामती प्रशासनलाई अस्थिर, अनिश्चित र कमजोर बनाउने काम गरेको छ। थुप्रै अन्यौलता र अनिश्चितका बाबजुद संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीहरुले कामकाज गरिरहेकाछन्। उनीहरुको सेवा, शर्त र सुविधाको विषय अहिलेसम्म अनिश्चित छ। सरकारले कानुन भन्दा पनि निर्णय र तजबिजका आधारमा मुलुकी प्रशासन संचालन गर्नखोजिरहेको देखिन्छ। यसले विधिको शासनको उपहास मात्र गरेको छैन सरकारको स्वेच्छाचारीता समेत प्रदर्शन गरेको छ।

अहिले कर्मचारीहरु देशैभर आन्दोलित बनेका छन्। उनीहरुको एउटै माग भनेको “कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन, तत्काल जारी गर” भन्ने नै हो। यसमा किन ढिलाई भैरहेको छ ? त्यो बुझ्न सकिएको छैन। अहिले कर्मचारी जगतमा निराशा मात्र होइन एक किसिमको अन्यौलता, अनिश्चितताको साथै आक्रोश र उत्तेजना समेत फैलिएको छ।

अहिले पेशागत सेवा, शर्त र सुविधाको सवाल सर्वाधिक पेचिलो बनेको छ। जताततै अन्यौलता र अनिश्चितता छाएको छ। यसको मूल जड भनेको नै संघीय निजामती सेवा ऐन आउन नसक्नु हो। एकातिर ऐनको अभावमा सेवा, शर्त र सुविधाको विषयमा अनिश्चितता र अन्यौलता रहेको छ भने अर्कोतिर प्रस्तावित संघीय निजामती सेवा ऐन अत्यन्त पश्चगामी र कर्मचारी हित प्रतिकुल रहेको छ। जसलाई स्वीकार गर्नसकिने अवस्था छैन। निजामती सेवा ऐन, २०४९ भन्दा पनि पछाडी फर्केर कर्मचारीहरुले खाइपाईआएको सेवा, सुविधा, वृत्तिविकास र अधिकार खोस्ने गरि संघीय निजामती सेवा ऐनको प्रस्ताव गरिएको छ। राष्ट्रिय स्तरका ट्रेड युनियनहरुबाट थुप्रै सुझाव र मागहरु सरकार समक्ष पेश गरिएको छ। सम्बोधन हुने नहुने विषय फेरी पनि अनिश्चित नै छ।

प्रजातन्त्रको पुनर्स्थापना पछि २०४९ सालमा बनेको निजामती सेवा ऐन भन्दा पनि पछि हटेर पश्चगामी ढङ्गले आम कर्मचारीहरूले खाइपाईआएको सेवा सुविधा र हक अधिकार खोसिने गरी सङ्घीय निजामती सेवा ऐनको प्रस्तावले आम कर्मचारी जगतलाई आक्रोशित, उत्तेजित र चिन्तित बनाएको छ। सरकारका हरेक नीति र कार्यक्रमलाई जनता सम्म पुर्‍याउने र जनताका आवाजहरूलाई सरकार सम्म पुर्‍याउने पुलको काम गर्ने सरकारका सहयात्री कर्मचारी संयन्त्र प्रति सरकार किन यति उदासीन र अनुदार देखिएको हो, त्यो भने बुझ्न सकिएको छैन।

अहिलेको प्रस्तावित संघीय निजामती सेवा, ऐनको मुख्य विवादित पक्ष भनेको दुइटा हो। एउटा, संघीयता व्यवस्थापनको प्रशासनिक ढाँचा र संरचना कस्तो हुने भन्ने विषय र अर्को कर्मचारीको सेवा, शर्त, सुविधा र वृत्तिविकासका साथै ट्रेड युनियन अधिकारको विषय। जस्तो कि प्रदेश र स्थानीय तहको प्रशासनिक प्रमुखमा संघको प्रतिनिधि पठाउने कि सम्बन्धित प्रदेश वा स्थानीय तहलाई अधिकार दिने भन्ने विषय मुख्य गरि राजनीतिक तहमा विवादको विषय बनेको छ भने कर्मचारीको सेवा, शर्त, सुविधा र वृत्तिविकास साथै ट्रेड युनियन अधिकारको विषयमा प्रस्तावित ऐन अनुदार र पश्चगामी देखिएको भन्दै कर्मचारी जगतबाट यसको चर्को विरोध भैरहेको छ। सरकारले यसलाईराजनीतिक दाउपेचका रुपमा नभई राष्ट्रको वृहत्तर एवं  दिर्घकालिन हित र असरलाइ हेरेर निर्णय गर्नुपर्छ र जतिसक्दो चाँडो एउटा टुंगोमा पुग्नु पर्दछ।

कर्मचारीहरूको मनोबल गिराउने काम सरकारले गर्नु हुँदैन किर्मचारीहरूको मनोबल गिराएर र उनीहरूलाई हतोत्साहित गराएर सरकार कदापि सफल हुन सक्दैन। मनोबल गिरेका कर्मचारीहरुबाट सरकारले कसरि गति लिन र नतिजा हासिल गर्नसक्छ ? सरकार संचालनको औजारको रुपमा रहेका आफ्ना सहयोगी कर्मचारीहरूलाई कमजोर र असफल बनाएर सरकार अगाडी बढ्न खोज्नु देशका निम्ति प्रत्युत्पादक सावित हुने निश्चित छ। कम्तीमा पनि २०४९ को ऐन भन्दा पनि पछि हटेर सरकार र संसद्ले प्रशासनको क्षेत्रमा पश्चगमनको सन्देश प्रवाह गर्नु कुनैपनि कोणबाट उपयुक्त देखिँदैन।

संघीय संरचनामा मुलुक प्रवेश गरेको सात वर्षवितिसक्दा पनि मुलुकी प्रशासनलाई २०४९ सालको केन्द्रिकृत कानुनबाट संचालन गर्न खोज्नु कुनैपनि कोणबाट उपयुक्त देखिदैन। कानुन बिहिनताको स्थिति अन्त्य गर्नैपर्छ। तसर्थ कर्मचारीहरुका तर्फबाट प्रस्तुत सुझाव र मागलाई समेटेर तत्काल संघीय निजामती सेवा ऐन, जारी मुलुकलाई निकास दिने कार्यमा सरकारबाट अब थप ढिलाई गरिनु हुँदैन। देशभरका तीनै तहका सरकारमा रहेर काम गरिरहेका हजारौं राष्ट्र सेवक कर्मचारीहरुको एउटै प्रश्न छ सरकार, संघीय निजामती सेवा ऐन कहिले आउँछ ?

devchaulagain@gmail.com

समयमै जन्म दर्ता गरी कानुनी पहिचान सुनिश्चित गरौं।




नरैनापुर गाउँपालिका
बाँके